# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY


भाद्र पूर्णिमा



अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिताको 'धर्मकीर्ति रनिङ्ग शील्ड"

DHARMAKIRTI


वर्ष- १९ अङ्क- ५ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

## सम्पादकीय

# मन चोखो भएमात्र काम राम्रो हुन्छ

बुद्ध शिक्षा अनुसार उदार र फराकिलो मनले गरेका काम मात्र सफल र सबैलाई सुख दिने खालको हुनेछ। जुनसुकै काममा पनि अगुवा बन्ने हाम्रो मनको स्वभाव हो। त्यसैले हाम्रो यो मन नाइके भएर जतातते पुगेको हुन्छ। त्यसकारण अशुद्ध मन लिएर कसैले केही बोल्यो वा केही काम गऱ्यो भने बयलको पछि-पछि गाडाको पांग्रा गुडेर आए झैं नराम्रो कार्यको नराम्रै नतीजा पछि लागेर आउनेछ। यसरी नै राम्रो नियत लिएर कसैले केही बोल्यो वा केही काम गऱ्यो भने आफ्नो पीछा नछोड्ने छाँया झैं सुख पनि पछि लागेर आउनेछ। यो बुद्ध वचन हो।

तर भारतले हालसालै लुम्बिनी अञ्चल नजिकैको मर्चबार क्षेत्र डुवानमा पर्नेगरी बाँध बाँधेर बुद्धको जन्मथलो लुम्बिनीलाई नै डुबाउने कार्यगर्न थालियो भनेर हाल जतातते यसैको चर्चा चलिरहेको छ। विश्व सम्पदा सूचीमा गाभिसकेको लुम्बिनी क्षेत्र नै डुवानमा पर्ने देख्दा लाखौं मात्र होइन करोडौं मानिसहरूको चित्त दुख्नु त स्वभाविक नै हुने भयो। त्यसकारण यसलाई उचित कार्य भन्न मिल्दैन।

लुम्बिनी बुद्धको जन्मभूमी भए भारत बुद्धको कर्म भूमी हो। किनभने बुद्ध हुने व्यक्ति शिद्धार्थ कुमार नेपालको लुम्बिनीमा जन्मनु भए तापनि उहाँले बुद्धगया भारतमा बुद्धत्त्व प्राप्त गर्नुभई आफूले प्राप्त गरेको ज्ञानलाई ४५ वर्षसम्म भारतमा प्रचार गर्नुभयो। उहाँले प्रचार गर्नुभएको धर्म शिक्षाको सारांश यसरी रहेको छ–

शुद्ध र निर्दोष व्यक्ति बन्नका लागि यी मार्गहरूको अबलम्वन गर्नु जरूरीछ–

सम्यक दृष्टि (ठीक एवं शुद्ध समझदारी), सम्यक संकल्प (ठीक एवं शुद्ध सोचाई), सम्यक वचन (ठीक एवं शुद्ध बोली), सम्यक कर्मान्ति (ठीक एवं शुद्ध कार्य), सम्यक व्यायाम (ठीक एवं शुद्ध अभ्यास), सम्यक स्मृति (ठीक तरिकाको होशीयारी), सम्यक समाधि (शुद्ध चित्तको एकाग्रता) आदि हुन्।

धेरैजसो मानिसहरूको अशुद्ध मनलाई शुद्ध पार्ने उद्देश्यले बुद्धले यी अमूल्य शिक्षा प्रचार

*(बाँकी कभर पेजको पछाडि)*

### विषय–सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | [illegible] |
| २) समाधि कथा | - कल्याण मित्र सत्यनारायण गोयन्का | [illegible] |
| ३) दाजु-भाई, दिदी-बहिनी ... ... | - सुमनादेवी शाक्य | [illegible] |
| ४) हर समय | - भिक्षु संघरक्षित | [illegible] |
| ५) धम्मपद-१४१ | - रीना तुलाधर | [illegible] |
| ६) बुद्धया परिनिर्वाण न्ह्यः | - किशोर धूसः | [illegible] |
| ७) हिमवन्त प्रदेशमा अशोकका ... | - भिक्षु विपस्सी धम्मारामो | [illegible] |
| ८) भुनि बुद्धि | - आनन्द शाक्य | [illegible] |
| ९) यशोधरा | - अनु. अम्बिका शाक्य | [illegible] |
| १०) यस्तो छ बुद्धको मावली ... ... | - रामराज पोखेल | [illegible] |
| ११) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | [illegible] |
| १२) क्षान्ति र मैत्री–८ | - भिक्षु अश्वघोषद्वारा लिखित अनुदित वीर्यवती | [illegible] |
| १५) धर्मकीर्ति विहार - गतिविधि | - | [illegible] |
| १६) धर्म प्रचार - समाचार | - | [illegible] |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन : २५७५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६ (२५१९३२)

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**SEPTEMBER 2001**


| वर्ष- १९ | अङ्क- ५ | येँया:पुन्ही | भाद्र २०५८ |
|---|---|---|---|





★ अरूलाई दु:ख दिएर आफूले सुख भोग्न इच्छा गर्ने व्यक्ति द्वेषको जंजालमा फसेर कहिले पनि द्वेषबाट मुक्त हुन सक्तैन।

★★★

★ छोराले रक्षा गर्न सक्दैन न बाबुले सक्छ न बन्धु जनले। मृत्यु आउने बेलामा बन्धुहरूमा रक्षा गर्न सक्ने क्षमता नै हुँदैन।

★★★

★ यो कुरा जानेर पण्डितले शीलवान (चरित्रवान) भएर निर्वाणतिर लैजाने मार्गलाई छिटै सफागर।

# समाधि कथा

कल्याण मित्र सत्यनारायण गोयन्का

मन कुनै पनि आलम्बनमा स्थिर रह्‍यो भने ध्यानस्थ भइहाल्छ, एकाग्र भइहाल्छ, अचंचल भइहाल्छ। तर चित्तको एकाग्रता मात्र सम्यक समाधि होइन, उत्तम समाधि होइन। सम्यक समाधि हुनको लागि त (आफ्नो) चित्त कुशल हुन आवश्यक छ, निष्पाप हुन आवश्यक छ। कुशल चित्त सहितको एकाग्रताको नाम नै समाधि हो– "**कुसलचित्तेकग्गता समाधि**"।

चित्तको समाधान नै समाधि हो। समाधान भनेको नै समतामा आधान, अर्थात् समतामा स्थापित हुनु हो। विषय आलम्बनले चित्तलाई समतामा स्थापित गर्न सक्दैन। यसले त चित्तको सन्तुलनलाई बिगार्दछ। त्यसैले कुशल चित्तको एकाग्रतालाई नै समाधान मान्नु पर्दछ, ठीक तरिकाले समाधान मान्नु पर्दछ।

रागमय चित्त कुशल होइन, द्वेषमय चित्त कुशल होइन, मोहमय चित्त कुशल होइन। जहाँ राग, द्वेष अथवा मोहको आलम्बन लिएर चित्तलाई एकाग्र गरिन्छ, त्यहाँ एकाग्रता त अवश्य हुन्छ तर समाधि हुन सक्दैन। यस्तो एकाग्रता सम्यक हुँदैन, शुद्ध हुँदैन। यस्तो एकाग्रतामा हाम्रो कल्याण निहित छैन। राग, द्वेष र मोहमा आलम्बित एकाग्रता अकुशल चित्तको तल्लिनता हो, यो कसरी कल्याणकारी हुन सक्छ ?

मुसाको दुलोमा आफ्ना सारा ध्यान लगाई बसेको बिरालोको चित्त पूर्णरूपले एकाग्र भइरहन्छ, (उ) आफ्नो आलम्बनमा ध्यानस्थ भइरहेको हुन्छ। माछाको खोजीमा रही तलाऊ किनारमा एउटा मात्र खुट्टाले टेकी उभिरहने वकुल्लाले पानी मुनि पूर्णरूपले एकाग्र चित्तलगाई ध्यान दिइरहेको हुन्छ। उसलाई अरू कुनै कुराको पनि वास्ता हुँदैन। यो त मुसा र माछा प्रति राग लपेटिएको मनले एकाग्रता हासिल गरेको मात्र भयो। जुन सम्यक समाधि हुन सकेन। यस्तो प्रकारको कुनै पनि समाधि सम्यक समाधि हुन सक्दैन, शुद्ध समाधि हुन सक्दैन।

यसरी नै आफ्नो दुश्मनको शिकार गर्नको लागि लुकेर बसेको सैनिकले दुश्मन रहने खाई तर्फ ध्यान दिँदै त्यतातर्फ आफ्नो चित्त पूर्णरूपले एकाग्र गरी बसेको हुन्छ। जब दुश्मनले आफ्नो टाउको खाईबाट माथि उठाउनेछ, तब उसले उसलाई (दुश्मनलाई) गोली हानिदिन्छ। यसरी नै कुनै हिंस्रक पशुलाई (मार्नको लागि) ताकेर पूरा ध्यान लगाउँदै रहेको एक शिकारीले आफ्नो बन्दूक सम्हालेर बसेको हुन्छ। उसको चित्त पूर्णतया एकाग्र रहेको हुन्छ। जब (आफ्नो) शिकारलाई देख्नेछ, तब गोली हानीहाल्छ। यसरी द्वेषमयी हिंसा भावनाले दूषित रहेको चित्त एकाग्र त हुन्छ तर यो कुशल चित्त हुन सक्दैन। त्यसैले यस्तो चित्तको एकाग्रता सम्यक समाधि हुन सक्दैन र शुद्ध समाधि हुन सक्दैन।

मादक पदार्थ सेवन गरी गहिरो नशामा डुबेको व्यक्ति त्यही नशामा डुबेर मज्जा लिन तल्लिन भइरहेको हुन्छ। त्यसैमा उसले चित्तको एकाग्रता प्राप्त गरेको हुन्छ। उ (त्यस अवस्थामा) प्रगाढ निन्द्रामा निदाएको व्यक्ति सरह प्रसुप्त रहेको हुन्छ। उसलाई बाहिरी र भित्री अवस्थाहरू बारे कुनै होश हवास रहेको हुँदैन। यसरी नै त्यस व्यक्तिले एल एस् डी जस्तो रसायन पदार्थ प्रयोग गरी कुनै मरीचिका या विपल्लासको दर्शन प्राप्त गरी त्यसैमा पूर्णतया रूमल्लिएको हुन्छ। यी दुवै अवस्थाहरूमा उसले आफ्नो चित्तको समता गुमाएको हुन्छ, सन्तुलनलाई नष्ट गरिदिएको हुन्छ। चित्तको विषमतामा आधारित मोह-विमूढित एकाग्रता नै चित्तको समाधान होइन, सम्यक समाधि होइन, शुद्ध समाधि होइन।

शुद्ध समाधिको लागि कुनै प्रकारको भावावेशमय आलम्बन पनि उपयुक्त हुँदैन। (किनभने) यसले चित्तको शुद्ध समतालाई नष्ट गर्नेछ र यसको सन्तुलनलाई विगारी दिनेछ। फलस्वरूप चित्त रागजन्य आशक्तिहरूमा डुब्ने हुन्छ र भावुकतामा तल्लीन हुन पुग्नेछ। (यस्तो अवस्थामा) एकाग्रता त हुनेछ तर शुद्धता भने टाढिएर जानेछ।

चित्त एकाग्रताका लागि आलम्बन यस्तो हुनुपर्छ, जुन हामीलाई न प्रिय रहोस् न अप्रिय। जसको लागि हाम्रो मनमा न राग जागोस् न द्वेष। यसको साथै हामीलाई कुनै प्रकारको मोह-निन्द्रामा डुब्नुबाट पनि बचाओस्, आत्म सम्मोहन र अरूद्वारा सम्मोहन गरिने कार्यबाट पनि बचाओस्, प्रसुप्ति-कारक ध्यानबाट बचाओस्, चित्तलाई सतत् जागरूक राख्न सक्नुमा सहायक हुन सकोस्।

बाह्‍य जगतको स्थूल इन्द्रिय सुखले त हामीलाई खूब तल्लीनता दिइनै रहने गर्छ। अध्यात्मको नाममा चल्ने सूक्ष्म इन्द्रिय सुखले पनि तल्लीनता दिने गर्छ। तर यस प्रकारको तल्लीनता त (हामीलाई) बन्धनमा बाँध्ने



Downloaded from http://www.dhamma.digital

खालको नै हुनेछ, मुक्त गर्ने खालको चाहिं होइन । अतीन्द्रिय सुखको नाममा प्राप्त भएका सबै ध्यान समाधिहरू हामीलाई बाँध्ने खालका नै हुन्छन् । आँखा बन्द गरेपनि कुनै प्रिय मनोरम रूप, रंग, आकार, प्रकाश आदि देख्नु र त्यसमा चित्त एकाग्र हुनु, कुनै श्रुति – मधुर शब्द, नाद आदिमा चित्त एकाग्र हुनु, कुनै घ्राण – मधुर गन्ध, सौरभको रसास्वादनमा चित्त एकाग्र हुनु, कुनै काय – स्पर्शजन्य सुखद – पुलक – सिहरनमा चित्त एकाग्र हुनु – दिव्य अनुभूतिहरूको नाममा सूक्ष्म स्तरको राग – रंजन नै हो, मोह – बन्धन नै हो । मुक्ति तर्फ लाने सम्यक समाधि होइन । सम्यक समाधिको लागि शुद्ध आलम्बनको आधारमा चित्त एकाग्रताको लागि अभ्यास गर्ने कुनै पनि साधकलाई पनि यस्तै प्रकारको अतीन्द्रिय अनुभूतिहरू हुनु स्वभाविक नै हो । तर यिनीहरूलाई बाटोमा पाइने कंकड र ढुंगाहरू जस्तै ठानी त्यसलाई त्यागी अगाडि बढ्न सक्नु पर्छ । केही गरी यिनीहरूलाई नै आलम्बन मानी रोकियो भने फेरि राग – रंजनमा अल्झिने डर हुन्छ । चित्त विमुक्तिको अन्तिम स्थितिसम्म पुग्न नसकिने हुन्छ । त्यसैले कुनै पनि स्तरमा कुनै पनि यस्तो आलम्बनले हाम्रो खुट्टाको बाधा बनी तेर्सिन नपावोस्, मार्ग रोक्ने पर्खाल नबनोस् भनी सतर्क रहनु आवश्यक छ ।

शुद्ध समाधिको लागि उपयुक्त आलम्बन खोज्ने बेला हामीले यी विषयहरू तर्फ पनि ध्यान दिनु जरूरी हुन्छ– कहिं त्यस आलम्बनले साधकलाई कुनै सम्प्रदाय– विशेषको दायरा भित्र बन्दि बनाइराखेको त छैन ? कहिं त्यस आलम्बन कुनै सम्प्रदाय विशेषको रूपमय, रंगमय, शब्दमय प्रतिक– विशेष त होइन ? जसलाई ग्रहण गर्दा अन्य व्यक्तिहरूलाई कठिनाई र हिचकिचाहट पैदा हुनेछ ? आदि । यी शील, समाधि, प्रज्ञा र विमुक्तिका मार्गहरू त संधै सार्वजनीन हुन्, सार्वकालिक हुन् र सार्वदेशिक हुन् । त्यसैले यस मार्गमा हिंड्दाखेरि चित्त एकाग्रताको लागि जुन आलम्बन चुनिन्छ, त्यो पनि सार्वजनीन नै हुनुपर्दछ, सार्वकालिक नै हुनुपर्दछ र सार्वदेशिक नै हुनुपर्दछ । सर्वजन सुलभ र सर्वजन ग्रहणीय नै हुनुपर्दछ ।

उपरोक्त अनिवार्य तत्त्वहरू पूर्ति गर्नको लागि विभिन्न आलम्बनहरू अपनाउन सकिन्छन् । हामीले आफ्नो आश्वास प्रश्वासलाई नै आलम्बनको रूपमा छानेका छौं । आश्वास प्रश्वास पनि विल्कुल शुद्ध हुनुपर्छ । शुद्ध यस विषयमा हुनुपर्छ, यस श्वास प्रश्वासको संगसंगै कुनै शब्द जोडिनु हुँदैन, कुनै नाम जोडिनु हुँदैन, कुनै जप जोडिनु हुँदैन, कुनै रूप, कुनै आकार जोडिनु हुँदैन । केवल मात्र श्वासको आगमन – निगमन प्रति सतत् जागरूकताको अभ्यास (चाहिएको छ) । अझ श्वास पनि नैसर्गिक श्वास, स्वाभाविक श्वास । लामो भए लामो, छोटो भए छोटो, गहिरो भए गहिरो, फितलो भए फितलो, स्थूल भए स्थूल, सूक्ष्म भए सूक्ष्म । नैसर्गिक श्वासलाई आलम्बन बनाउने समयमा हामीले यस कुरालाई पनि सम्झनु आवश्यक छ– हामीले श्वासको कसरत गरिरहेका होइनौं । यदि कुनै कसरत नै गरिरहेको छ भने पनि त्यो हो, मनको कसरत । श्वास त केवल आलम्बन मात्र हो । त्यसकारण आलम्बन जति स्वाभाविक हुनेछ त्यति नै राम्रो हुनेछ । यसमा कुनै छेड-छाड गरी कृत्रिमता पैदा गरिएमा यसले नैसर्गिक सत्य दर्शनमा बाधा पैदा गरिदिनेछ । हामीले प्रकृति वा स्वभाव धर्मबाट अभिमुख हुन पुग्यौं भने हामी पराङ्मुख वा विमुख हुन पुग्नेछौं ।

आखिर हामीले यस चित्त एकाग्रताको अभ्यास किन गर्दैछौं ? एकाग्र रहेको चित्त यति सूक्ष्म र तीक्ष्ण हुन्छ, जसले अन्तिम परमार्थ सत्यलाई ढाकिराखको आवरणलाई छेड्न सक्छ, चिर्न सक्छ । फलस्वरूप आध्यात्मलाई निरावरण (आवरण रहित) पारी प्रज्ञा चक्षुद्वारा आत्म साक्षात्कार र सत्य साक्षात्कार गर्नको लागि सहायक सिद्ध हुन्छ । यस्तो अवस्थामा आलम्बनलाई जतिसक्यो त्यति कृत्रिमपनाबाट हटाई जति सक्यो त्यति बढी नैसर्गिक बनाई राख्नु पर्दछ । यस्तो गर्न सकेमा मात्र हामी अन्धकार बाटोमा भट्किरहने पर्ने छैन । ऋजु राजपथबाट जान पाउनेछौं ।

हामीले नैसर्गिक आश्वास-प्रश्वासको आलम्बनलाई अपनाउनुको मुख्य कारण नै हाम्रो श्वासको गति र मनका विकारहरू बिच गहिरो नैसर्गिक सम्बन्ध रहेकोले हो । हामीले देख्न सक्छौं, जब हाम्रो मन कुनै दूषित विकारहरूबाट विकृत हुन्छ, जब हाम्रो मन क्रोध, भय, वासना, ईर्ष्या अथवा अरू कुनै पनि दूषित विकारहरूबाट आक्रान्त हुनेछ, तब त्यस समयमा हाम्रो श्वासको गति स्वभावत: (प्रतिकृया स्वरूप) तीव्र र स्थूल भैहाल्छ । जब मनबाट यी विकारहरू हट्दै जानेछ, तब श्वासको गति पनि सुस्त र सूक्ष्म हुँदै जानेछ । समाधिको तह पछि प्रज्ञाको तहमा पुग्दा हामीले आफ्नै मनोविकारहरूको वन्धनबाट मुक्त हुनुपर्नेछ । यस्तो अवस्थामा नैसर्गिक श्वासको यथाभूत आवागमनको आलम्बन अत्यन्त लाभप्रद हुनेछ । साधनाको पहिलो चरणहरूमा यो हाम्रो

लागि सहायक नै बन्नेछ ।

स्थूल श्वासलाई निरीक्षण गर्दागर्दै हामीले देख्नेछौं– जति जति चित्त एकाग्र हुनेछ, त्यति त्यति नै नैसर्गिक शूक्ष्मता पनि अभिबृद्धि हुँदै जान्छ । कहिलेकाहिं (हाम्रो) श्वास सूक्ष्म कपाल जस्तै क्षीणकाय बन्न पुगेको अनुभव हुनेछ । जसरी यो सूक्ष्म श्वास बाहिर निस्किन्छ त्यसरी नै भित्र पनि गइरहेको हुन्छ । कहिलेकाहिं स्वतः कुंभक (प्राणायामको एक अंग जसमा श्वासको वायुलाई भित्र नै रोकी राख्ने गरिन्छ) को स्थितिसम्म पुगेको हुन्छ । त्यसकारण यहाँ स्पष्ट हुन्छ, हाम्रो यस आलम्बन स्थूलताबाट सूक्ष्मता तर्फ लाने खालको हो । पछि जुन अज्ञात, देख्न बाकिरहेको क्षत्रलाई पनि हामीले देख्नु छ, त्यो स्थिति अहिलेको स्थिति भन्दा पनि बढी सूक्ष्म छ । यही कारणले पनि श्वास प्रश्वासको आलम्बन ठीक तरीकाको आलम्बन र सार्थक आलम्बन हो । भित्र भित्र जुन अनन्त सागरहरू बगिरहेका छन्, भित्र भित्र जुन आन्तरिक संवेदनाहरूको नदी प्रवाहित भैरहेका छन्, भित्र भित्र शरीरका अणु-अणुमा जुन असंख्य स्पन्दनहरूको निरन्तर नर्तन भइरहेका छन्, हामीले त्यस अवस्थाको दर्शन गर्नुछ । परन्तु यी सब अत्यन्त सूक्ष्म अवस्थामा चलिरहेका हुन्छन् । यहाँसम्म पुग्नको लागि पहिला आफ्नो गतिमान श्वासको स्थूल र अविराम प्रवाहलाई निरीक्षण गर्ने कार्य आरम्भ गर्नु अत्यावश्यक हुनेछ ।

जुन (घटना) भित्र घटिरहेका हुन्छन्, त्यो अनायासै घटिरहेका हुन्छन् । यो शरीर र मनको स्वतः संचालित अविरल प्रवाह हो । अन्तरजगतको सृष्टि–प्रलयको यस अनायास गतिमान स्थितिलाई निरीक्षण गर्नको लागि एउटा यस्तो आलम्बन चाहिन्छ, जुन सायास र अनायास दुबै प्रकारले गतिमान रहेको हुन्छ ताकि यसको सायास गति देखी बुझी तुरून्त यसको अनायास गतिको निरीक्षणको अभ्यास आरम्भ गरौं । यही श्वास नै शरीरको एक यस्तो गति हो, जसको संचालन तीव्र या मन्द, सायास सप्रायास पनि गर्न सकिन्छ र जुन अनायास अप्रयत्न पनि गतिमान रहन्छ नै । सायासबाट अनायाससम्म पुग्नको लागि ज्ञातबाट अज्ञातसम्म पुग्नको लागि, नदी वारीको जानपहचान स्थानबाट नदी पारीको नचिनिएको, नदेखिएको स्थानमा पुग्नको लागि हाम्रो श्वासले नै पुलको काम गर्न सक्दछ । त्यसैले पनि यसको (श्वासको) आलम्बन लाभप्रद रहेको छ ।

शील, समाधि, प्रज्ञा र विमुक्तिको यस मार्ग, जसको हामीले अभ्यास आरम्भ गरेका छौं, यसले हामीलाई साधना क्षेत्रको त्यस गहिराईसम्म पुर्‍याइदिन्छ, जहाँ हामीले सहजभावले परमार्थ सत्यलाई साक्षात्कार गर्न सक्छौं । यसको लागि हामीलाई यस क्षणको यथाभूत सांदृष्टिक सत्यको निरीक्षणबाट अभ्यास आरम्भ गर्नुपर्दछ । किनभने अन्तिम परमार्थ सत्य यस क्षणको सत्य हो, बितिसकेको (भूतकालिन) क्षणहरूको होइन, पछि आउने (भविष्य) क्षणहरूको पनि होइन । बितिसकेका क्षणहरूको त केवल सम्झना मात्र गर्न सकिन्छ भनेपछि आउने क्षणहरूको केवल कामना र कल्याण मात्र गर्न सकिनेछ । साक्षात्कार त वर्तमान अवस्थाको मात्र हुनसक्नेछ । अतीत क्षणहरूको होइन, अनागत क्षणहरूको पनि होइन । अतः परम सत्यको साक्षात्कार गर्नको लागि वर्तमान क्षणको जुन स्थूल साँदृष्टिक सत्य छ, त्यसैको सावधानीपूर्वक निरीक्षण गर्दा गर्दै शूक्ष्म सत्यहरूको अनावरण हुनेछ र सूक्ष्मतम स्थितिबाट पनि पर यस क्षणको परम सत्यको साक्षात्कार गर्न सकिनेछ । यसको लागि सानो भन्दा सानो आगत क्षणमा जिउनसक्ने अभ्यास नै हाम्रो सबै साधनाको ऋजु राजपथ हो । यस क्षणमा जिउने अभ्यास गर्नका लागि यस क्षण शरीरमा भइरहेका स्थूल घटनाहरूप्रति अर्थात् आइरहेको श्वास र गइरहेको श्वासको यथार्थ जानकारी प्रति जागरूकता बनाइ राख्न सिकौं । यस्तो अभ्यास गर्दा मनमा अतीत कालमा घटेका कुनै कटु- मधुर सम्झनाहरू बादलको रूपमा छाउन नपावस् । यसरी नै अनागत कालको कुनै कटु-मधुर आशंका या कामनाहरू पनि छाउन नपावस् । शुद्ध श्वासको जानकारी, यथाभूत श्वासको आगमन बारे नै यथार्थ जानकारी मात्र बनिरहोस् । अतीत या अनागत कटु-मधुर सम्झनाहरू, आशंकाहरू र कामनाहरूले राग पैदा गर्नेछ भने द्वेष पनि पैदा गर्नेछ । किनभने ती प्रिय पनि हुनसक्छ अथवा अप्रिय पनि । जब जब भूत-भविष्यसंग सम्बन्धित यी राग-द्वेषमयी सम्झनाहरू र कल्पनाहरूबाट मुक्त भई चित्तले वर्तमान अवस्थामा घटिरहेको श्वास लिने र छोड्ने कार्यमा ध्यान दिन्छ, तब राग-द्वेषबाट छुट्कारा प्राप्त हुनेछ । फलस्वरूप मोहबाट पनि छुटकारा प्राप्त हुनेछ । श्वासको गतिलाई निरीक्षण गर्दा हाम्रो मनमा त्यस गति प्रति न कुनै प्रिय भाव जाग्नेछ न अप्रिय भाव नै । न त्यसप्रति आकर्षण नै हुन्छ न विकर्षण नै । न राग उत्पन्न हुन्छ न द्वेष नै ।

शरीरको यस नैसर्गिक घटनालाई (तटस्थभई) तमाशाको रूपमा हेर्न सिकौं । भूत र भविष्यको



Downloaded from http://www.dhamma.digital

बन्धनबाट मुक्त रही, राग र द्वेषको बन्धनबाट बाहिर निस्की यस क्षण (वर्तमान अवस्था) मा जिउनका लागि प्रथम प्रयासलाई आरम्भ गरौं । डगमगिएको पाइला सारी हिंड्न सिकिरहने शिशु जस्तै (हामीले गरिरहेको) यस प्रयास र यस दिशामा गरिएको निरन्तर अभ्यासले हामीलाई एकदिन सुदृढ, सबल र अडिग कदम लिएर आफ्नो यात्रा पूरा गर्न सक्ने योग्य (व्यक्ति) बनाइदिने छ ।

सम्यक समाधि प्राप्त नभएसम्म हामी यस क्षणको गहिराईमा उत्रिन सक्दैनौं । हामीले प्रज्ञाको क्षत्रमा पदार्पण गर्न सक्दैनौं । समाधिलाई सम्यक रूपले पुष्ट गर्नको लागि नै (हामीले आफ्नो) चित्तलाई यस क्षणको प्रत्यक्ष, यथार्थ, सांदृष्टिक, कल्पना-विहीन र निर्दोष आलम्बन दिऔं, जुन यस श्वासको आवागमनलाई जानकारी राख्ने आलम्बन हो । यसैको (श्वासको आवागमन विधिको) सहारामा यस क्षणमा जिउन सिक्दै राग-विहीन, द्वेष विहीन, मोह विहीन, भई कुशल चित्त सहितको एकाग्रता प्राप्त गरौं । काय र वाणी (शरीर र वचन) बाट हुन सक्ने दुष्चरित कर्महरूबाट बच्न सक्ने क्षमतालाई पुष्ट गरौं । प्रज्ञामा पुष्ट रही दुषित चित्त विकारहरूलाई उन्मुलन गरी मानसिक दुष्कर्महरूबाट विरत रहने क्षमतालाई बृद्धि गरौं ।

यसरी उपलब्ध भएको शुद्ध समाधि मंगल प्रदायिनी हुन्छ । आउनुहोस् श्वासको आवागमन प्रति सजगताको अभ्यास गरी समाधि पुष्ट गरौं । समाधि पुष्ट भएपछि शील पनि पुष्ट हुनेछ तथा शील र समाधि पुष्ट भएपछि प्रज्ञा पनि पुष्ट हुनेछ । यसरी शील, समाधि र प्रज्ञाको पुष्टिमा नै त विमुक्ति समावेश भएको हुन्छ । विकारहरूबाट विमुक्ति । दुःखहरूबाट बिमुक्ति । अविद्या-अज्ञानबाट विमुक्ति ।

साँचै भन्ने हो भने समाधिको मार्ग नै मंगलको मार्ग हो । कल्याणको मार्ग हो । शान्ति सुखको मार्ग हो । बिमुक्तिको मार्ग हो । *अनु. वीर्यवती, विपश्यना पत्रिकाबाट*

## दाजु-भाई, दिदी-बहिनीहरूमा विनम्र अनुरोध गर्दछु

*- सुमना देवी शाक्य,* चैनपुर

(१) हामी सबै बुद्धको शरणमा आऔं
बुद्धमा श्रद्धा अर्पण गरौं
उहाँको अमूल्य उपदेश स्मरण गरौं
स्मृती पूर्वक त्यस उपदेशहरू हामीमा
ल्याउने चेष्टा गरौं
चेतना खोली हृदयदेखि आलोक फिजाऔं

(२) हामी सबै धर्मको शरणमा जाऔं
धर्म वचन प्रति आस्था राखौं
धम्मपदको वचन अनुसार सबैले
मन, वचन, कर्मलाई क्रियाशील बनाऔं
बुद्ध उपदेश शरणगरी जीवन जीवन बिताऔं

(३) हामी सबै संघको शरणमा जाऔं
भिक्षु संघमा श्रद्धांभाव राखौं
एकताभाव जगाई व्यक्ति-व्यक्ति प्रति
श्रङचङगम्पो भृकुटी अनी अशोक
उदाए बुद्धको शिक्षा पालन गरी
धरती जगाए

## हर समय

*- भिक्षु संघरक्षित,* संघाराम

असक्त अकालमा अचेत भइयो
आजन्म आगमन आपत्ति रह्यो ।
धीर महात्म्य छँदैछ दारिद्रय
स्थीर साम्य रहेन कूल समय ॥

दुर्दशाले भरिपूर्ण दुर्दिन छ मेरो
दुर्बलको नाममा दुर्गन्ध नफैलाओ ।
दुर्घटना दुराशा दुर्भाव सबको
आक्षेप आलोचना नगर कसैको ॥

परिकल्पना परिपाटी, ल्याउँछु नवीनता
परिवार परिष्कृत कायम मनोहरता ।
निर्झर निर्धारण केवल दीनता
निरूक्त निरर्थक फैलाउन मधुरता ॥

उपहास नगर उपेक्षा भावले मलाई
उपकार गर उपयुक्त अपेक्षा गरी ।
विकट विकराल परिस्थिति उस्तो
बिक्षिप्त बिखण्डित बिँधन यस्तो ॥

उज्ज्वल उन्नति भए पनि उदासिन
उत्थान उत्साह उल्लास दिन-दिन ।
विचित्र विलक्षण विराट् विजय
अतिक्रमण गर्दै जाउन् हर-समय ॥

# धम्मपद–१४१

*रीना तुलाधर*
*'परियत्ति सद्धम्म कोविद'*

**यो च पुब्बे पमज्जितवा – पच्छा सो नप्पमज्जति**
**सो इमं लोकं पभासेति – अब्भा मुत्तो व चन्दिमा ।**

अर्थ– एक व्यक्ति पहिले संसारमा भुलेको हुन सक्छ । तर पछि उसले आफ्नो कर्म सुधार गरेर सांसारीक मायाबाट अलग्गिएको हुनसक्छ । त्यस्ता व्यक्तिले कालो बादलबाट निस्केको चन्द्रमाले झैं संसार लाई प्रकाश दिनेछ ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बसी रहनु भएको बेला समुञ्जनि स्थविरको कारणमा भन्नुभएको थियो । समुञ्जनी नामक स्थविर विहान, दिउँसो, साँझ जुन बखतमा पनि विहारमा कुचो लगाइरहन्थ्यो । त्यही समयमा रेवत स्थविर पनि जेतवन विहारमा बसीरहनु भएको थियो । रेवत स्थविर भने प्राय:जसो समय ध्यान गरेर अर्न्तमुखी भएर बस्नु हुन्थ्यो । एकदिन समुञ्जय स्थविरले रेवत स्थविरकहाँ आएर यस्तो भने– "तपाईं जहिले पनि अल्छि भएर बस्नु हुन्छ । जनताले श्रद्धापूर्वक दिएको भोजन खाएर खाली अल्छि भएर बसीरहनु हुन्छ । के तपाईले कहिल्यै पनि विहारमा कुचो लगाएर सफा गर्नुहुन्न ?" रेवत स्थविरले यस नासमझ भिक्षुलाई उपदेश दिनु पर्‍यो भनीं ठानी उसलाई बोलाएर भन्नुभयो– "यहाँ आऊ । तिमी गएर नदीमा नुहाएर आउ ।" समुञ्जय स्थविरले आफूभन्दा जेष्ठ स्थविरको आज्ञा पालन गरी भनेजस्तै नदीमा गएर नुहाएर फर्के । अनि रेवत स्थविरले उनलाई आफू अगाडि बस्न दिएर उपदेश दिनुभयो– "कुनै एक भिक्षुले सँधैभरी कुचो लगाउने काम मात्र गरी राख्नु उचित छैन । विहान सबेरै कुचो लगाएर सफा सुघर गर्ने, त्यसपछि भिक्षा गएर भोजन खाने । त्यसपछि दिउँसो आफ्नो स्थानमा बसेर आफ्नो शरीर र आत्मभावको क्षय, विनाश स्वभावमाथि ध्यान गरिरहनुपर्छ अथवा आफूले जानेको धार्मिक गाथाहरू सम्झीरहनु पर्छ । त्यसपछि साँझतिर मन लागे फेरि कुचो लगाउने काम गर्न सक्छ ।" यो उपदेश सुनेपछि समुञ्जय स्थविरले भनेजस्तै काम गरे र केही समयमै अरहत्व प्राप्त गरे । एकदिन अरू भिक्षुहरूले आएर तिनीसँग भने– "हे कुचो लाउने स्थविर ! विहारमा यताउति धूलो देखिन्छ । किन पहिले जस्तै कुचो लाउने काम गर्दैनौ ?"

समुञ्जय स्थविरले जवाफ दिए– "पहिले म प्रमादी थिएँ, अज्ञानी थिएँ । त्यसैले दिनभरी खालि कुचो लाउने काम गर्थें । अहिले म ज्ञानी छुं, अप्रमादी छु ।" ती भिक्षुहरूले यी समुञ्जय स्थविरले आफैलाई अरहत छु भनी झुठो दावी गरेछ भनी यही कुरा भगवान बुद्ध समक्ष उजूर गर्न गए ।

भगवान बुद्धले भन्नभयो– "मेरा पुत्र समुञ्जय स्थविरले झूठो कुरा गरेको छैन । पहिले अज्ञानी छँदा उनले खालि कुचो लगाएर समय बिताए । अहिले उनले अरहत मार्गफल प्राप्त गरीसके । त्यसैले हरबखत कुचो लगाउने काम छोडे ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

## बुद्धया परिनिर्वाण न्ह्यः

**किशोर धूसः**
*गा:बाहा: यल*

***भगवान बुद्ध परिनिर्वाण जुया बिज्याय न्ह्य:या छुं छुं घटना-***

भगवान बुद्धं दकले लीपांगु भिक्षाटन याना बिज्या:गु थाय् बैशालि ख: ।

भगवान बुद्धं दकले लीपांगु धर्म देशना बैशाली महावनया कुटागारशालाय् याना बिज्या:गु ख: ।

भगवान बुद्धया दकले लीपांगु भोजन चुन्द कम्मार पुत्तया सूकर मधव ख: ।

भगवान बुद्धं दकले लीपां:म्ह उपासक पुक्कुस मल्लपुत्त ख: ।

भगवान बुद्धं दकले लीपा म्व:ल्हुया: बिज्या:गु थाय् ककुधा खुसीइ ख: ।

भगवान बुद्धं दकले लीपा ल:त्वना बिज्या:गु नं ककुधा खुसी हे ख: ।

भगवान बुद्धया दकले लीपां:म्ह श्रावक सुभद्र परिब्राजक ख: ।

भगवान बुद्धं दकले लीपां:गु बस्तु दान कया बिज्या:गु पुक्कुस मल्लपुत्रद्वारा दान व्यूगु सुवर्णगु दुशाला (गा) ख: ।

भगवान बुद्धया दकले लीपां:गु वचन–

**"यो खो आनन्द, मया धम्मो च विनयो च देसितो पञ्ञत्तो सो वो ममच्चयेन सस्थाति ।"**

*"आनन्द ! गुगु धर्म व विनय जिं छिमित देशना याना प्रज्ञप्ती यानातय धुन, उगु हे धर्म व विनय जि मदयवं छिमि शास्ता जुई ।"*

*- स्रोत: दीघनिकाय*



Downloaded from http://www.dhamma.digital

# हिमवन्त प्रदेशमा अशोकका धर्मदूतहरू

*भिक्षु विपस्सी धम्मारामो*
**बैंकक**

भगवान् बुद्धबाट उत्प्रेरित पालिवाङ्मय अन्तर्गत रहेका त्रिपिटक पालि र त्यसका अर्थकथा, टीका ग्रन्थहरू, वंश ग्रन्थहरू (वंशावलीहरू) सबै जसोमा केही न केही भए पनि नेपालको प्राचीन, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक आदि विवरण रहेको तथ्य अब बिस्तारै नेपाली भाषा-भाषीहरूमा प्रचार हुँदैछ । हाम्रो देशमा इतिहासका स्रोत मानिने प्रायः सम्पूर्ण अभिलेख, वंशावली वाङ्मय आदि भन्दा पनि पाली वाङ्मय पुरानो हुनाले त्यसमा रहेका तथ्यहरू पनि प्राचीनतर छन् । त्यसैले पालि वाङ्मयको समुचित उपयोग भएमा नेपालको प्राचीनतर अवस्थाको मानवीय सभ्यता र इतिहास प्रष्टचाउन मद्दत गर्नसक्दछ । ईशापूर्व तेश्रो शताब्दीमा जम्बुद्वीपका सम्राट अशोकले बुद्धानुयायी बनिसकेपछि बुद्धका उपदेशहरू अनेक देशविदेशमा प्रचार गर्न पठाउने क्रममा हिमवन्त प्रदेशमा (हिमाली भेगतिर) पनि पठाएका थिए । यसरी पठाइएका दुई समूह मध्ये एउटा काश्मिर र गन्धार राष्ट्र तथा अर्को समूह बाँकी बस्तिहरूमा प्रचार गर्न गएका थिए । यसमा काश्मिर र गन्धार राष्ट्र बाहेक हिमवन्त प्रदेशका बस्तिहरू भनेको काठमाडौं उपत्यका हुने कुरा विश्वास लाग्दो छ । काश्मिर र गन्धार राष्ट्र वर्तमान नेपालको खसहरू (बाहुन, क्षेत्री) का पुरानो थलो रहेको त्यस्तै काठमाडौं उपत्यका देशको राजधानी नै रहेको हुनाले ती ठाउँहरूमा आएका अशोकका धर्मदूतहरूको क्रियाकलापको जानकारी गर्नु नेपालको राष्ट्रिय दृष्टिकोणले पनि अतिव महत्त्वपूर्ण हुन आउँछ । यहाँनिर त्रिपिटकको विनय पिटक पालिको अर्थकथा (भाष्य). समन्तपासादिका नामको ग्रन्थमा पाइने उल्लेखको साधारण नेपाली अनुवाद प्रस्तुत गरिन्छ–

अब यहाँ क्रमैसितको कथा (आनुपूर्वि कथा) यसप्रकार छ–

उहाँ मोग्गलिपुत्ततिस्सत्थेरले तेश्रो धर्मसंगीति (संगायन) गर्दा यस्तो सोच्नुभयो– भविष्यमा शासन (=बुद्धधर्म) कहाँ दरिलो भइ बस्छ होला ? अनि उहाँको मनमा यस्तो विचार उठ्यो– "प्रत्यन्त (सीमान्त ?) जनपदहरूमा राम्ररी दरिलो भइ बस्नेछ ।" अनि उहाँले खास-खास भिक्षुहरूलाई भार (जिम्मा) दिएर पूर्वनिश्चित ठाउँहरूमा पठाउनुभयो । "तपाई यो राष्ट्रमा गई शासनलाई दरिलो पार्नुहोस् भनि मज्झन्तिकत्थेरलाई काश्मिर गन्धाररट्ठमा पठाउनुभयो । त्यस्तै भनेर महादेवत्थेरलाई वनवासिरट्ठ, योनक धम्मरक्खितत्थेर-लाई अपरन्तकरट्ठ, महाधम्मरक्खिवतत्थेरलाई महारट्ठ (=महाराष्ट्र), महारक्खिवतत्थेरलाई योनकलोक, मज्झिमत्थेर लाई हिमवन्तदेसभाग (हिमवन्तको वस्ति भएको ठाउँ), र सोण र उत्तरत्थेरलाई सुवर्ण-भूमि (बर्मा) पठाउनुभयो । आफ्नो सद्धिविहारिक (शिष्य) महिन्द्रत्थेरलाई इद्धियत्थेर, उत्तियत्थेर, सम्वलत्थेर, भद्दसालत्थेरको समुहमा (नाइके बनाई) तपाईहरू तम्वपण्णिदीप गई त्यहाँ शासन दरिलो पार्नुहोस् भनी तम्बपण्णिदीप (श्रीलंका) पठाउनुभयो । उहाँहरू सबैजनाले ती देशहरूमा जाँदा प्रत्यन्त जनपदहरूमा उपसम्पदा कार्यको लागि ५ जना भिक्षुहरूको गण पर्याप्त छ भनी सोचेर आफूसहित ५-५ जना जानुभएको थियो ।

त्यस समय कश्मिरगन्धाररट्ठमा मकै पाक्ने बेलामा अरवाल नामको नागराजाले करक वर्षा (हिउँ वर्षने वर्षा) बसाई मकै बालिलाई बगाएर लगी महासमुद्रमा पुऱ्याइदिन्थ्यो । मज्झन्तिकत्थेर पाटलिपुत्र देखि आकाशबाट गएर त्यहाँ पुग्नुभई हिमवन्तको (हिमवति) अरवालदहको माथिबाट ओर्लेर अरवाल दहको तलहटी (पींध)मा हिंड्ने (चंक्रमण) पनि, उभिने पनि, लेट्ने पनि, गरिरहनु भयो । नागका बच्चाहरूले (=नागमाणवका) त्यो देखेर अरवाल दहको नागराजाकहाँ गई यस्तो बताए– हे महाराज ! एकजना झुत्रो-मुत्रो लुगा लगाउने (=छिन्नभिन्नपटधरो), मुण्डन गरिएको, काषायवस्त्र लगाएको मानिस हाम्रो पानी फोहर पार्दैछ । तत्कालै नागराज क्रोधले चूर भई (=क्रोधाभिभूत) निस्कंदा थेरलाई देखेर अर्कालाई नीच देख्ने प्रवृत्तिलाई (=मक्खं) थाम्ननसकी (=असहमानो) अन्तरिक्षमा अनेक डरलाग्दा (दृश्यहरू) निर्माण गऱ्यो । जतातते (=ततोततो) बलवत् हुरिबतास (=भुसावात)

छोड्यो । रूखहरू ढले, टुक्रिए । पहाडका टाकुराहरू झरे (पहिरो गए) मेघ गर्जे । बिजुली चम्के । बज्रपात भए (चट्याङ् परे) । आकास नै फुटेको जस्तो गरी (=भिन्नं विय गगनतलं) पानी पऱ्यो । भयानकरूपका नाग-कुमारहरू जम्मा भए । (सन्निपतन्ति) । उ आफू पनि धुवाँ निकाल्छ, आगो निकाल्छ (ओक्लन्छ) । शस्त्रअस्त्रहरू वर्षाउँछ । "यो झुत्रोमुत्रो लुगा लगाएको, मुडेको (=मुण्डक) को हो? आदि कडा वचनद्वारा थेरलाई तर्साउन खोज्यो । "लौ समात, लौ काट, लौ पाल यो श्रमणलाई भनि नागका सेनाहरूलाई (=नागबलं) आज्ञा दियो । थेरले ती सबै भयानक दृश्यहरू र आवाजहरूलाई आफ्नो ऋद्धि बलद्वारा रोकेर (=पटिबाहित्वा) नागराजालाई यस्तो भन्नुभयो–

**"सदेवकोपि चे लोको, आगन्त्वा तासयेय्य मं ।**
**न मे पटिबलो अस्स, जनेतुं भयमेरवं ॥**
**सचेपि त्वं महिं सब्बं, ससमुद्दं सपब्बतं ।**
**उक्खिपित्वा महानाग, खिपेय्यासि ममूपरि ॥**
**नेव मे सकुणेय्यासि, जनेतुं भयभेरवं ।**
**अञ्ञदत्थु तवेवस्स, विघातो उरगाधिपा'ति ॥"**

अर्थः देवताहरू सहित यो सिंगै लोक आएर मलाई तर्साउन खोजे तापनि ममा भय जगाउन सक्नेछैनौ ।

"समुद्रका, पर्वतका सबै नागहरू फालिएर महानागहरूको वर्षाद् गरि मलाई पुरिदिए तापनि ममा भय जगाउन सक्नेछैनौ । बरू हे नागराज । (=उरगाधिप) उल्टै तिमीलाई नै कष्ट हुनेछ ।

यस्तो भनेपछि नागराज प्रताप मर्दन भई (=विहतानुभावो) कोशिस व्यर्थ हुन गएकोले दुःखी र मनोबल रहित (=दुम्मनो) भयो । थेरले उसलाई त्यस समयलाई सुहाउँदो (=तंखणानुरूपाय) धर्मको कथाद्वारा कुरा बुझाई (सम्झाइ बुझाइ गरी), उत्साहित पारि (=समादपेत्वा), उत्तेजित पारी (=समुत्तेजेत्वा), प्रसन्न पारी, त्रिशरणमा र पञ्चशीलमा सो नागराजा सहित चौरासी हजार नागराजहरूलाई प्रतिष्ठित गर्नुभयो । अरू पनि धेरै हिमवन्तवासी यक्षहरू, गन्धर्वहरू, कुम्भण्डहरू, थेरको धर्मकथा सुनेर शरणशीलमा प्रतिष्ठित भए । पञ्चक यक्ष पनि आफ्नो यक्षणी पत्नी र तिनका पाँचशय पुत्रहरू प्रथम फलमा (=पठम फले) प्रतिष्ठित भए । अनि आयुस्मान मज्झन्तिकत्थेरले सबैजना नाग, यक्ष, राक्षसहरूलाई बोलाउनुभई यस्तो भन्नुभयो–

"अबदेखि भविष्यमा पहिले जस्तो क्रोध नगर्नु । सुखको कामना गर्ने प्राणीहरूको मकै बाली पनि नाश नगर्नु । मानिसहरू सुखपूर्वक बसुन् भनी सत्त्वप्राणीहरू उपर मैत्री भावना गर्नु ।

उनीहरू सबैले "साधु भन्ते ! भनि थेरलाई जवाफ दिई उहाँले सिकाउनु भए जस्तै आचरण गर्न थाले । त्यो दिन भने नागराजाको पूजा गर्ने समयमा परेको थियो । अनि नागराजा आफ्नो रत्नमय पल्लंक (सिंहासन) ल्याउन लगाई थेरको लागि वछ्र्याइदियो । थेर सो पल्लंकमा बस्नुभयो । नागराजा पनि स्थविरलाई पंखा हम्काई नजिकै बस्यो । त्यही क्षणमा कश्मिरगन्धार र ट्ठवासीहरू आउँदा थेरलाई देखेर "हाम्रा नागराजा भन्दा थेर बढी महाऋद्धिवान् रहेछन् भनि थेरलाई नै वन्दना गरी एकछेउमा बस्नपुगे । थेरले तिनीहरूलाई आसीविसोपमसुत्त देशना गर्नुभयो । सूत्रदेशनाको अन्त्यमा ८० हजार प्राणीहरूलाई धर्माभिसमय (धर्मको अवबोध) भयो । एकलाख मानिसहरू (=कुलसतसहस्सं) प्रव्रजित भए । त्यस-बेलादेखि लिएर आजसम्म पनि (=यावज्जतना) कश्मिर गन्धार रट्ठमा काषायवस्त्र चम्किरहेको, भिक्षुहरूको उठबसले हावा नै चलेको जस्तो भइरहेको छ ।

*क्रमसः*

## भुजिं बुद्धि

*- आनन्द शाक्य*

भुजिं बुद्धि काये मतेरे पासा
बुद्धि काव कस्तिहाया ॥धु.॥

भुजिं नं माःज्वी, न्ह्याथाय् वंसां
केवल फोहर जक
फोहरया विष, सकभनं न्यंका
काइ वं ज्यान तक ॥१॥

कस्ति हां मुंकि न्ह्याथाय् वंसां
केवल स्वाँया रस
उगुहे रसं, दयेका बीवं
अमृत मधुरस ॥२॥

भुजियात तोती, कस्तिहा खंकी
गुण धैगु म्हसिकी
वैगुणी भाव छखे वान्छोया
शान्तिं च्वने सय्की ॥३॥



Downloaded from http://www.dhamma.digital

# यशोधरा

*अनुवादिकाः अम्बिका शाक्य*
*धरान-१२, मयूर पथ*

*(निःशब्द अँध्यारो सुनसान रात चुपचापसँग आफ्नो साम्राज्यमा आफ्नो हक ओगटेर बसेको छ । सिद्धार्थ गौतम र यसोधराको खोपीमा पिलपिल गरी मधूरो जोडि पानस बलिरहेको छ । गौतम निन्द्रामा भने शान्ति, अहिंसाको खोजीमा दौडीरहेको हुन्छ । यता यसोधरा एक्कासी निन्द्राबाट उठेर चिच्याउँछिन् ।)*

यशोधरा- स्वामी ! स्वामी !! जागा भै बक्सियोस् मलाई साऱ्हो डर लागिरहेछ । मेरो मुटुले ठाउँ छोडी सकेको छ । मेरो ओँठ सुक्दै गैरहेको छ ।

गौतम- (शान्त भएर यसोधरालाई सुमसुम्याउँछ) के भयो तिमीलाई किन यसरी चिच्याएकी ?

यशोधरा- स्वामी ! आज मैले भयंकर डर लाग्दो सपना देखेको छु । एक निन्द्रा भित्र तीनवटा विभिन्न सपना देखें *(गौमतको हात समाउँदै)* साऱ्हो डर लागेको छ, साऱ्हो मुटु कामेको छ ।

गौतम- *(सुस्तरी)* कस्तो सपना देख्यौ ?

यशोधरा- स्वामी मैले एउटा सेतो साँढे देखें । त्यो साँढेको मस्तकमा एउटा मणि चम्किरहेको थियो । उ मस्तसँग घुम्दै नगरको द्वार तर्फ बढीरहेको थियो । कसैले त्यो साँढे रोक्दा पनि रोक्न सकेनन् (यतिनै बेला इन्द्रेणीबाट एउटा ध्वनी आउँछ)

ध्वनी- यदि त्यो साँढे नगर पस्यो कि नगरको कृति जान्छ ।

मैले लम्कँदै त्यो साँढेको गलामा लपेटिएँ, कति उसलाई रोक्ने प्रयास गरें । मैले मेरो नगरका मानिसहरूलाई रोक्ने आदेश दिएँ, तर साँढे रोकिएन ... तर ... त्यो साँढे नगर को बाहिर निस्क्यो, म निराश भएँ । स्वामी, फेरि त्यो सपना देखि झस्किएर फेरि पछि म निदाएँ फेरि अर्को सपना देखेँ ।

चार महापुरुष अपरिचित साथ आकाशबाट उत्रिएर नगरमा प्रवेश गरिरहेको हुन्छ । उसको साथ परीको प्रवेशद्वारको झण्डा भाँचिएर तर्क गर्दछ । त्यस झण्डाको साथ एउटा चम्किलो झण्डा प्रकट हुन्छ । जसमा चाँहिदो तारले मणी उनेको हुन्छ । त्यसलाई देखेर सबै जीव जन्तुहरू आत्मा विभोर हुन्छ । उषाकालको स्वर्णीम बेलामा मौसमी हावा चल्नाले त्यो झण्डा फरफराउन थाल्यो र सुमन वृष्टि हुन थाल्यो । फेरि म झस्कें, र तेस्रो भयानक सपना मैले फेरि देखैं, म थरथर काँप्दै उठें, मैले देखें म तपाईंको अगाडि आइरहेको छु तर तपाई आसफे आफ गायब देखिनुभयो । म आत्तिएर उठें, मेरो गलाको माला साँप बन्यो, मेरो पाउको पाउजु चुँडिएर खस्यो, हातको सुनचरी भाँच्चिएर खस्यो, कपालमा सिउरीएको फूल धूलोमा मिल्यो, त्यो सेतो साँढेको ध्वनी सुनियो, त्यो झण्डा फेरि फरफराउन लाग्यो र त्यो ध्वनी गुन्जीयो, त्यो समय आयो । म थरङ्ग ... तर्सिएर उठें ।

(यति भनेर यशोधरा गौतम छेउमा बसिन्)

गौतम- धैर्य गर यशोधरा सपना, सपना हुन्छ त्यो कहिले पनि साकार हुन सक्दैन । सपनासँग पनि यसरी तर्सिएर बस्ने हो ? सुत तिमी सुत ।

*(यशोधरा सुत्छीन्) (गौतममा आफ्नै मनको कुराले बाजी गर्छ)*

*(वाणी)* साँच्चै नै यशोधराले देखेको सपना झूठो होइन, साँच्चै नै हो । यो घर, यो परि वारलाई मैले रूँगेर बस्नु पनि ठीक होइन मैले कसरी यो अन्धकारमा भड्केको संसारलाई उज्यालोतर्फ लाने, हिंसा, असत्यले बन्धन गरेको मानव जाती कसरी मुक्त गर्ने, आज

मलाई यशोधराको मायाले छोडेन, भोलि फेरि मेरो भावि सन्तानको मायाले पासो पर्ने छ, पासोमा म फसीसकेंपछि कदापी पनि मुक्त हुन सक्दिन त्यो मायावीबाट ।

*यहि विचार क्रान्तिको अवधी गौतममा जारी रहन्छ र उ त्यही रात आफ्नो घर छोडेर वनतिर लाग्छ । गौतम बाहिर प्रस्थान गर्छ । मञ्चमा पून: बिहानीको प्रकाश–*

*एक अँधेरो बिहानीले यशोधराको आँखा उघारी दिन्छ, गहिरो निन्द्रबाट जागा हुँदा गौतम आफ्नो छेउबाट लापत्ता भएको पाउँछीन । छटपटीन्छ ।*

*(एकछिन पछि एउटा पालेको प्रवेश)*

पाले- महारानी ! महारानी !! ... महारानी सारथी छन्त र उसको प्रिय घोडा आज हाम्रो दरवार छोडेर कता गयो पत्तै नै छैन । चारैतिर हल्लिखल्लि मच्चिरहेको छ ।

यशोधरा शोक मग्न अवस्थामा मुर्छित हुँदै आफ्नो हातले आफ्नो मुटु छुँदै बोल्न सक्दैन, एकक्षण पछि ।

यशोधरा- कता जानु भयो, के गर्नु भयो, फेरि मूर्छा पर्दै जान्छिन् *(छन्नको प्रवेश)*

छन्न तिमी त आएछौ ! *(आश्चर्य मान्दै)* खै गौतम कता छ ?

छन्न- *(घोप्टो मुन्टो लाउदै आँखाबाट आँसु खसाल्दै)* महारानी । ...

यशोधरा- भन छन्न वास्तविक कुरा भन !

छन्न- महारानी ... ! महाराजले आफ्नो राजपाट, मायाममता त्यागी निर्वाणको निम्ति, तपस्या र अन्धकारको निम्ति, ज्ञान ज्योति खोज्ने तर्फमा लाग्नुभयो ।

यशोधरा- हेर छन्न ! मैले देखेकी सपना सुनाउँदा मलाई शंका लागिसकेको थियो । मैले शंकेत पाइसकेकी थिएँ । त्यस, त्यस बखत गौतमले मलाई सम्झाउनु भयो, सपना कहिले सार्थक हुँदैन, निरर्थक हुन्छ भनेर । तर मैले देखेको सपना सार्थक भयो ।

*(असहय हुँदै छातिमा हात राख्दै रून लागिन् छाती पिट्न लागिन्)*

*(सखीको प्रवेश)*

सखी- *(उसलाई सान्त्वना दिंदै सम्झाउन थाल्छिन्)* धैर्य गर यशोधरा तिमी क्षत्रिणी नारी हौ ! हामी क्षत्रिणी नारीहरूले आफ्नो पुरुषलाई पुत्रहरूलाई स्वंयम् आफैले आरती उतारेर टीका लगाई र संग्रामको निम्ति बिदा दिनुपर्छ भने । आज त गौतम सिद्धी प्राप्तिको निम्ति राजपाट छोडेर जाँदा तिमीले प्रस्थानको लागि धैर्य गर्नु कम ठूलो कुरा होइन ।

यशोधरा- यसरी नसोधी छोडेर जानुहुँदा मुटु असाध्य भई दुख्छ, सान्हो चित्त दुखेर आउँछ ।

उता बुद्धको तपस्या सफल भयो उनी काशी सारनाथ पदयात्रा गर्दै चारैतिर धर्मो उपदेश फैलाउँदै दानपात्र लिएर भिक्षुको साथ नगरको द्वारमा प्रवेश ।

*त्यत्तिकैमा यशोधराको कोठामा सखीको प्रवेश ।*

सरती- महारानी ! महारानी !! महाराज गौतम बाहिर आउनुभएको छ भिक्षुको रूपमा बाहिर दान दिन हिंडिबक्सीयोस् !

*(यशोधरा चूपचाप धैर्य र अठोटगरी बस्छिन ।)*

शुद्धोधन- *(प्रवेश गर्दै)* यशोधरा दान सामग्री लिएर हिंड ।

यशोधरा- (नम्र हुँदै) मलाई वहाँले जहाँ छोडेर जानुभएको छ वहिं नै अवश्य पनि दर्शन दिन आउँनुहुन्छ । *(प्रवेश गौतमको)*

(दानपात्रमा छोरा राहुल सहित दान दिंदै) धन्य, धन्य, तिमीले मलाई साथ दिई मेरो अठोट मौन व्रतले आफ्नो सर्वस्व समर्पित गर्न सके !



Downloaded from http://www.dhamma.digital

# यस्तो छ बुद्धको मावली देवदहको अवस्था

*प्रस्तुति: रामराज पोखेल*

शान्तिका दूत भगवान् गौतम बुद्धको मावली घर माता मायादेवी, प्रजापति तथा यशोधराको जन्मस्थलको पवित्र भूमि देवदहक्षेत्रका बुद्धसम्बन्धी विभिन्न धार्मिक पुरातात्विक ऐतिहासिक तथा अन्य पर्यटकीय स्थलहरू उचित सुरक्षा, संरक्षण, श्री ५ को सरकारका विभिन्न सम्बन्धित निकायहरूको कम चासोका साथै व्यापक प्रचार-प्रसारको अभावमा ओझेलमा परेका छन् ।

बुद्धको जन्मभूमि लुम्बिनीबाट करिब ४५ किलो मिटर उत्तरपूर्व तथा पश्चिम क्षेत्रको केन्द्रबिन्दुको रूपमा रहेको बुटवलबाट करिब १२ किलोमिटर पूर्व महेन्द्र राजमार्गबाट थोरै दक्षिण गए पुगिने देवदहक्षेत्र अन्तर्गत केरवाना गाविसस्थित भवानीपुर पर्दछ त्यस्तै देवदह गाविसमा खच्चरडाँडा दरबारको भग्नावशेष, बैरीमाई र कन्यामाई मन्दिर पर्दछ भने मक्रहर गाविसमा कुमावर्ती मन्दिर र पुराना दुई इनार मदरानी रहेका छन् ।



पर्यटकीय क्षेत्रको रूपमा रहेको एसियाकै सबैभन्दा ठूलो पाँकुरीको रूखसमेत यसै देवदह गाविसमा रहेको छ । समग्र रूपमा यी सम्पूर्ण ऐतिहासिक पुरातात्विक, धार्मिक एवं पर्यटकीय स्थलहरूलाई नै देवदह क्षेत्र भनी नामकारण गरिएको छ ।

**खच्चर डाँडाको दरबारको भग्नावशेषः** देवदह गाविस वडा नं ७ स्थित रोहणी नदीपारी छोडाहा जङ्गलमा उत्तरबाट दक्षिण करिब २ किमि क्षेत्रफलमा फैलिएको उक्त क्षेत्र प्राचीन महत्वको भग्नावशेषको स्तूप आकारको ढिस्को छ ।

यहाँ लुम्बिनीको उत्खननबाट निस्किएका जस्तै आकार प्रकारका पुराना इँटहरू र ऐतिहासिक माटाका यत्रतत्र फिजिएको भाँडाहरू प्रशस्त्र मात्राम देखिन्छन् । तर, संरक्षण नहुँदा छेउछाउका जनताले ती इँटहरू लगेर घर निर्माणसमेत गरेको देख्न पाइन्छ । गत २०५६ सालमा पदमबहादुर क्षेत्री नामका उक्त किसानले आफ्नो बारीमा इनार खन्दा करिब ६ फुट जमिनमुनि दिवाल र प्राचीन इँटा भेट्टाएका थिए । जसको तौल १० किलोग्रामसम्म भएको र त्यसलाई संरक्षण गरी देवदह गाविस कार्यालयमा राखिएको छ । यस्ता ऐतिहासिक महत्वका वस्तुहरू भेट्टिएकोले स्थानीय बासिन्दाहरू तथा विज्ञ व्यक्तिहरूको उक्त भगनावशेष कोलिय वंशहरूको दरबार भएको अनुमान गरेका छन् ।

कन्यामाई र बैरीमाई मन्दिरहरू देवदह ५ स्थित यी दुई मन्दिरहरू नजिक नजिकमा छन् । कन्यामाईमा पद्मपाणी अवलोकितेश्वरको मूर्ति छ । त्यसैले देवदहबाट शाक्य वंशी राजाहरूको दरबार हुन सक्ने विज्ञहरूको अड्कल छ । यहाँ ठूला-ठूला पुराना इनारहरू, पुराना खालका इँटाहरू भग्नावशेषका मूर्तिहरू तथा विभिन्न ऐतिहासिक महत्वका वस्तुहरू र हेका छन् ।

स्थानीय बासिन्दाहरूका अनुसार माटोमुनी गाडेको धन धेरै भएको र धन भेट्टाएर लगेको पनि व्यापक चर्चा छ । उक्त स्थलका इनारहरूबाट बुद्धका माताले पिउने गरेको पनि किंवदन्ती पाइन्छ । यो मन्दिर आवादी जमिन तथा बस्तिको बीचमा भएकोले यसको क्षेत्र छुटचाएर संरक्षण गर्नु जरूरी छ स्थानीय बासिन्दा बुद्धिप्रसाद पाण्डे भन्छन् । उक्त मन्दिरको दक्षिणपट्टि बैरीमाईको मन्दिर छ । सो क्षेत्र पनि भग्नावशेष क्षेत्रको रूपमा छ । त्यस मन्दिरको क्षेत्रलाई पाकडी खोलाले कटान गरिरहेकाले केही मात्रामा भए पनि लुम्बिनी विकास कोष तथा जिल्ला विकास समिति रूपन्देहीको आर्थिक सहयोगमा तटबन्धन गर्ने कार्य भएको बताइन्छ ।

**भवानीपुरको मन्दिरः** केरवानी गाविसमा पर्ने उक्त क्षेत्र कन्यामाई मन्दिरबाट एक किलोमिटर दक्षिण देवीमयार भन्ने ठाउँमा पर्दछ । सो क्षेत्रमा ढुङ्गाको

भाँचिएको भाग जमिनमुनि गडेको छ। त्यसलाई सम्राट अशोकले जमिनमुनि गाडेको औंलाको भाग हो भनिन्छ। यहाँ प्राचीन इँट्टाका खण्डहरू मायादेवीका बाजेको देवदहको दरबारको भग्नावशेष पुरानो इनार भएको अनुमान गरिएको छ। त्यसैले गर्दा प्राचीन देवदह पनि हो भन्ने गरिन्छ। हाल यहाँ शनिश्चरा देवीको पूजा गरिन्छ। स्थानीय जमिन्दार मुनाकर्मी परिवारले यो मन्दिर आफ्नो इष्ट देवीको मन्दिर हो भनी चैत्र रामनवमीको दिन बलि दिने गर्छन्। तर, स्थानीय बासिन्दा भने बुद्धको मावली क्षेत्र भएकोले बलि चढाउन नहुने भनी तीव्र विरोध गर्दै आइरहेका छन्।

**कुमारवर्ती मन्दिर र पुराना दुई इनार मदरानीः** रोहिणी नदीवारि मक्रहर गाविसमा पर्ने यो ठाउँ कपिलवस्तुबाट देवदह आउँदा मायादेवी र प्रजापति बास बसेको हुँदा मायारानी गाउँ र प्रजापति गाउँको नाम रहेकोमा पछि अपभ्रंश भई महारानी र पेडरानी गाउँको भन्ने परिणत भएको भनिन्छ। यस स्थानमा प्राचीन दुई इनार र प्राचीन मन्दिरभित्र मायादेवी र प्रजापतिको मूर्ति छ स्थानीय बासिन्दाहरू कुमारवर्ती माई भनी पूजा गर्छन।

**पाँकुरीको रूखः** देवदह गाविसमा पर्ने उक्त रूख सयौं वर्ष पुरानो भएको र त्यसैको नामबाट पाकडी गाउँ पाकडी खोलाको नामाकरणसमेत भइसकेको छ। पुराना स्थानीय बासिन्दाहरूका अनुसार रूखको कहिल्यै पनि पात झरेको नदेखिने सधैं हरियो नै रहिरहने तथा गाइवस्तुले पनि त्यसको पातहरू नखाने, चराहरूले पनि त्यस रूखमा गुँड नलगाउने तथा हात्तीलाई समेत रूखको नजिक नजाने गरेकाले त्यसको छुट्टै महत्व छ।

उक्त रूख हेर्न देश-विदेशका पर्यटकहरू आई अवलोकन गर्ने र एसियामै त्यत्रो ठूलो रूख नभएको बताउने गरेको पनि बताइन्छ तर व्यापक प्रचार-प्रसार नभएकोले पर्यटकीय सम्भावना बोकेर पनि उक्त पाकुरीको रूख ओझेलमा परेको छ।

देवदह परिचय तथा विकास समितिका पूर्व अध्यक्ष एवं देवदह गाउँ विकास समितिका अध्यक्ष खेमराज पराजुली देवदह क्षेत्रमा थुप्रै स्थानमा खोज अनुसन्धान गर्नुपर्ने बताउनुहुन्छ। पराजुली भन्नुहुन्छ– विदेशीहरूले गर्छौं भनेर हामीसँग आएर पटक-पटक अनुरोध गर्छन् तर सम्बन्धित निकायहरू निस्क्रिय भइदिए बुद्धसम्बन्धी ऐतिहासिक महत्वका वस्तुहरूको संरक्षण तथा प्रचार भएको छैन्।

गत २०५५ साल पुष १४ र १५ मा दुईदिने देवदह महोत्सव मनाएर केही प्रचार गरियो तर हाल पुनः स्थगित भएको कुरा पराजुली स्पेस टाइमसँग भन्नुहुन्छ।

गुरुयोजना बनाएर क्षेत्र छुट्टाएर काम शुरू गरेमा यस क्षेत्रको मात्र हैन राष्ट्रकै विकास हुने थियो भन्दै देवदह क्षेत्र संरक्षण गर्नुपर्ने दायित्व श्री ५ को सरकारको भएकोले उक्त कार्य अगाडि बढाउनु पर्ने धारणा विज्ञहरूको छ। *साभार: 'स्पेस टाइम दैनिक'*

---

## *धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूः-*

*क्र.सं. ३५५*

**श्री कुलामान बुद्धाचार्य**
पोखरा, मोहरिया टोल
रु. १०००/–

*क्र.सं. ३५६*

**श्री सेरमान बुद्धाचार्य**
पोखरा, मोहरिया टोल
रु. १०००/–

*क्र.सं. ३५७*

**श्री रूप किशोर लाकौल**
संगम चोक, बुटवल, लाकौंला इन्टरप्राइजेज
रु. १००२/–

*क्र.सं. ३५८*

**श्री सुन्दरलाल श्रेष्ठ (वैद्य)**
राम मन्दिर पथ
नयाँ चोक, बुटवल-६
रु. १००२/–

*क्र.सं. ३५९*

**भिक्षु बोधिज्ञान**
विश्व शान्ति विहार
मीनभवन, काठमाडौं
PO Box 8973 NPC 327
रु. १०५०/–


Downloaded from http://www.dhamma.digital

# क्षान्ति र मैत्री-८

*- भिक्षु अश्वघोषद्वारा लिखित*
*वीर्यवतीबाट अनुदित*

त्यहीबेला देखि विश्वामित्रले जपतप गर्न छाडी वसिष्ठलाई विगार्ने कार्यमा तनमन लगाई जुट्न थाले। नाना तरहका दु:ख र कष्ट दिने योजना बनाउन थाले। वसिष्ठको विरुद्ध थुप्रै छलकपट र षडयन्त्रहरू रच्न थाल्यो। तर केही ठोस परिणाम निस्केन। विश्वामित्रको षडयन्त्रमा परी वसिष्ठका छोराहरू पनि मरे। तर वसिष्ठ विचलित भएन। उसले द्वेषभाव नराखीकन आफ्नो धर्म पालन गरिरहे।

विश्वामित्रले ठूलठूला ऋषि मुनिहरू समक्ष गई फेरि ब्रह्मर्षी पदवीको लागि प्रार्थना गरे, तर सबैले भने– यसबारे वसिष्ठको निर्णय नै सर्वमान्य हुनेछ। उहाँको आज्ञा विना हामीले मान्यता दिन सक्दैनौं। फलस्वरूप विश्वामित्र निराश भए। उसको लागि ठूलो पहाड एउटा आई अगाडि छेकेको जस्तै हुन थाल्यो। त्यस पहाडलाई नपन्छाइकन अगाडि बढ्न सजिलो हुने भएन। त्यसैले उसले वसिष्ठलाई हत्या गर्ने विचार गरे।

स्वार्थवश ठूलाठूला विद्वानहरूले पनि आफ्नो कर्तव्य बिर्सदो रहेछ। मान र पदको लोभमा परी तपस्वी विश्वामित्रले यस्तो विचार गर्न सकेन– ब्रह्महत्या गरी सच्चा ब्रह्मर्षी कसरी बन्न सकिन्छ र ? उ बेलुकी आफ्नो अस्त्रशस्त्र लिई राक्षसी कार्य गर्न सरासर वसिष्ठको आश्रम पछाडि लुकिरह्यो।

पूर्णिमाको रात। जुन चम्किरहेको कारणले सबैतिर उज्यालो थियो। हरेक ठाउँमा रमाइलो देखिन्थ्यो। वसिष्ठ आफ्नी धर्मपत्नी अरून्धतीसँग आश्रमको दैलोमा बसी रमाइलीसँग कुराकानी गरिरहेका थिए। उसलाई थाहा थिएन, पछाडि उसलाई हत्या गर्नको लागि शत्रु लुकिराखेको कुरो। वसिष्ठलाई छुराले रोपी मार्नका लागि विश्वामित्र तयार भैरहेको थियो।

अरून्धतीले चन्द्रमातर्फ औंलाले देखाउँदै वसिष्ठलाई भनिन्– महाराज ! हेर्नुस् त आज चन्द्रमा कस्तो राम्रो देखिएको। सबैतिर कति गहकिलो निर्मल जूनको प्रकाश चम्किरहेको। आजभोलि कोही त्यस्तो व्यक्ति छ जुन व्यक्ति तपस्याको प्रभावले चन्द्रमाको प्रकाश झैं उज्ज्वल बनिरहेको छ ?

वसिष्ठले भने– छ अरून्धती ! एक महापुरुष छ, जसको कीर्ति चन्द्रमाको प्रकाश जस्तै विश्वमा फैलिरहेको छ। त्यो हो आजभोलिका अद्वितीय तपस्वी विश्वामित्र।

अरून्धतीले फेरि सोधिन्– यदि तपाईंको विचारमा विश्वामित्र त्यत्रो ठूलो तपश्वी हो भने उहाँलाई किन ब्रह्मर्षी नभनेको ?

वसिष्ठले उत्तर दियो– यसमा एक कारण छ। तपस्वी भएर पनि विश्वामित्रले आजसम्म पनि आफ्नो मनबाट द्वेषभाव फाल्न सकेका छैनन्। उसमा हिंसा बुद्धि, इर्ष्या र अहङ्कार थुप्रै बाँकी छन्। यी दोषहरूबाट ऊ मुक्त हुन सकेको छैन। धर्म शास्त्रको नियमानुसार जसको हृदय पूर्ण रूपले शुद्ध हुन्छ, त्यसले नै ब्रह्मर्षीको पदवी प्राप्त गर्नेछ। मैले यस नियमलाई विगार्दिन। जुन दिन विश्वामित्रको मन सफा हुनेछ (अन्त:करण शुद्ध हुनेछ) तब मैले सत्य हृयदबाट सहर्षपूर्वक उसलाई ब्रह्मर्षी भनी स्वीकार गर्नेछु। त्यस्ता ऋषी रत्नलाई सत्कार गर्न पाएको खण्डमा मलाई अति आनन्द र सुख प्राप्त हुनेछ।

आश्रम पछाडि लुकेर यी सबै कुराकानी सुनिरहेको विश्वामित्रको शरीर संकोच र पश्चातापले पोल्न थाल्यो। वसिष्ठले उप्रति यस्तो मैत्री र सद्भाव राख्ला भनेर उसले कल्पना पनि गरेको थिएन। आफूले जुन व्यक्तिलाई नाश गर्नको लागि रातदिन प्रयास गरिरहेको थियो, त्यही व्यक्ति आफ्नो साँच्चैको शुभचिन्तक र प्रशंसक बन्नपुग्यो। आफूले आफैलाई धिक्कार्दै उसले यस्तो सोच्न थाल्यो– कहाँको महात्मा वसिष्ठ र काहाँको म जस्तो व्यक्ति (विश्वामित्र)। हामी दुईजना त आकाश र पाताल जस्तै फरक रहेछौं। मैले त्यस्तो महापुरुषलाई गर्न नहुने अत्याचार गर्न पुगें। तैपनि उहाँले म प्रति मैत्री चित्तले नै हेर्नुभयो। उहाँले कति पनि मन बिगार्नु भएन। मेरा सबै अपराधहरू बिर्सेर मेरो नै कल्याणको कुराहरू गरिराख्नु भयो। यस्तो सहनशीलता

र मैत्री गुणले युक्त भएका साधु पुरुष देवताहरू बिच पनि खोज्न गाऱ्हो हुनेछ । म कत्तिको पापी र नीच रहेछु । यस्तो महात्मासंग वैरी र द्वेषी हुने व्यक्तिलाई त अवश्य पनि महापापी ठान्नु पर्छ ।

विश्वामित्रको सबै द्वेषभावहरू विस्तारै नष्ट हुँदै गए । फलाम जस्तो कठोर मन त घ्यू जस्तै पग्लिएर नरम बन्न पुग्यो । उ त्यहाँ त्यसै चुप लागेर बस्न सकेन । त्यसैले आफ्नो हातमा रहेको शस्त्रअस्त्र सबै फालेर दुबै हात जोडी नमस्कार गर्दै वसिष्ठको सामुन्ने उभिरह्यो । उसलाई देख्ने बित्तिकै वसिष्ठ महात्मा उभिंदै भन्नुभयो– आउनुहोस् ब्रह्मर्षी विश्वामित्र ! तपाईलाई स्वागत छ ।

विश्वामित्रले वसिष्ठको पाऊ ढोक्दै भने– महाराज ! मलाई तपाईले पहिला कहिल्यै पनि ब्रह्मर्षी भन्नु भएको थिएन । आज कसरी ब्रह्मर्षी भनेर मान्नुभयो तपाईले ? म यस पदका लागि अयोग्य छु । म त तपाईंलाई मार्नका लागि आइरहेको व्यक्ति । तर तपाईंकै कुरा सुनी मेरा मनका सबै पाप नष्ट भए ।

वसिष्ठले विश्वामित्रलाई अंगाल्दै भने– विश्वामित्रजी ! मैले धेरै कल्पना र विचार पुऱ्याई अहिले तपाईलाई ब्रह्मर्षी भनेको हुँ । आज तपाईंको मनमा उद्‌बोध उत्पन्न भयो । प्रज्ञाचक्षु उत्पन्न भयो । तपाईंको अनुहारमा पवित्र तेज देखियो । तपाईंलाई देख्ने बित्तिकै मैले थाहा पाएँ, तपाई शुद्ध हृदय लिएर मेरो समक्ष आउँदै हुनुहुन्छ । अब तपाईंको मनमा कुनै प्रकारका द्वेषभाव छैन । मन शुद्ध भयो । त्यसैले मैले तपाईंलाई ब्रह्मर्षीको रूपमा स्वागत गर्दैछु । विश्वामित्रको तपस्या सफल भयो । यो हो मैत्रीको चमत्कार ।

(अमरकथाएँ)

विश्वामित्र वसिष्ठको पुरानो शत्रु भए जस्तै देवदत्त पनि बुद्धको पुरानो शत्रु हो । उसलाई बुद्ध पदवी दिएन भनेर देवदत्तले बुद्धको हत्या गर्न खोज्यो । नालागिरी हात्तीलाई रक्सी खुवाई छोडिदियो । पहाडको टुप्पाबाट ढुङ्गाले हानेर मार्न खोज्यो । तर बुद्धलाई आघात गर्न सकेन । त्यसो गरेपनि बुद्धले देवदत्तप्रति द्वेषभाव राख्नु भएन । मैत्री चित्तले नै व्यवहार गर्नुभयो ।

## विरोध गरेर पनि राम्रो नतिजा निस्क्यो

यहाँ मैत्रीको सिलसिलामा सहनुपर्ने र चित्त दुख्ने तरिकाले भन्न नहुने कुरा बढी निस्कियो । यसको अर्थ आफ्ना साथी र छोराछोरीहरूको चाल चलन नराम्रो भएपनि चित्त दुख्ने गरी भन्नु हुन्न भनेको चाहिं होइन । यसरी बुझ्नु ठीक छैन । आमा बुबाले आफ्ना छोरा छोरीहरूको कुवानी सुधार गर्नको लागि कडा शब्द प्रयोग गर्नुपर्ने हुन्छ, गाली गर्नुपर्ने हुन्छ यी सबै मैत्री चित्त प्रयोग गरेर नै गाली गरिने हुन् । उनीहरूलाई बिगार्ने नियतले गाली गरेको त अवश्य पनि होइन । यो अर्थमा विरोध गरेर पनि अरूहरूको हीत र कल्याण नै हुन्छ भन्ने बुझिन्छ । बिरोध गऱ्यो भन्दैमा द्वेष भाव राख्यो वा शुत्र बन्यो भनी मनमा सोच्नु ठीक छैन । हुनत बिगार्ने नियतले छलकपट गर्ने व्यक्तिहरू पनि छन् ।

अब यहाँ विरोध गरेर पनि सुधार भएको विषयमा केही कुरा गरौं ।

एउटा देशमा नाम चलेको कवि एकजना थियो । उसको कवितालाई देशभरी मान्यता दिइन्थ्यो । सबै जसोले त्यस कविताको प्रशंसा र सम्मान गरे । यसले गरेर उसको अभिमान चढ्यो । झन् झन् ठूलो बनेर कुरा गर्नुपर्ने स्वभाव उत्पन्न हुन थाल्यो उसको । उ जस्तो जान्ने सुन्ने कोही नभएको जस्तै भान पर्न थाल्यो उसलाई । तैपनि उसलाई एउटा दुःखले सतायो । सारा देशले प्रशंसा गरेतापनि उसको आफ्नै बुबाले भने उसको कविताको निन्दा गरी विरोध गर्दो रहेछ । उसको कवितालाई र उ आफैलाई पनि आफ्नै बुबाले प्रशंसा नगरेको कारणले उसलाई उसको बुबा देखेर खूब रीर उठेको रहेछ । रीर मात्र उठेको होइन उसले आफ्नो बुबालाई मार्ने समेत विचार गरेको रहेछ । उसले आफ्नो आमालाई पनि भन्यो– "शारा देशले मलाई प्रशंसा गर्छ । तर बुबाले मात्रै मलाई विरोध गरि राखेको छ ।"

यो कुरा सुनी आमाचाहिंलाई पनि चित्त दुख्यो । एकदिन आफ्ना श्रीमानलाई श्रीमतीले सोधिहालिन्– "छोराको कवितालाई किन विरोध गर्नुहुन्छ ? सबैले प्रशंसा गरिरहेका छन् । तपाईले मात्रै विरोध गर्नुभयो ।"

कविको बुबाले भने– "के कुरा गर्दैछौ ? तिम्रो मात्र छोरा हो र ? मेरो पनि छोरो हो नि । तिमीलाई जति माया लाग्छ मलाई पनि छोरो प्रति त्यति नै माया



Downloaded from http://www.dhamma.digital

लाग्छ । मैले पनि छोरालाई अरूले जस्तै प्रशंसा गरी हिंड्यो भने उसको अभिमान र अहंकार बढेर उ पागल बन्न वेर लाग्दैन । अहिले त छोराको खुट्टाले भुईंमा टेक्न छोडिसक्यो । यस्तो पनि ताल हो ? उसले आफैलाई ठूलो मान्छे ठानीसक्यो । मैले त उ यस्तै वेहोशीले बिग्रिन्छ भनेर उसको विरोध गरिराखेको छु । उसलाई मन नपरेर विरोध गरिराखेको हो र ?"

आफ्नो बुबालाई चक्कु प्रहार गरी हत्या गर्ने विचारले आइरहेको छोराले आमा बुबाको कुराकानी सुनिरह्यो । बुबाले उसलाई भित्री हृदयदेखि माया गरेको, मायाको वसमा परेर नै विरोध गरिरहेको कुरा सुनेपछि कविको मन पग्लियो । होश जाग्यो । सत्य कुरो बुझ्यो । आफ्नो हातको चक्कु फालेर बुबा समक्ष क्षमा माग्दै भने– "बुबा ! म झन्डै खाल्डोमा खस्न लागेको । मानिस नबनी राक्षस बन्न लागेको । अब म मानिस नै बनें । बुबाले मलाई बचाई दिनुभयो ।"

यो घटनाले भनिरहेको छ, मैत्री चित्तले विरोध गरेर पनि कल्याण र हित नै हुँदो रहेछ ।

(बौद्ध प्रतिपदा)

## मैत्री भावना

बौद्ध साहित्यमा चित्त बलियो पार्नको लागि भावनाक्रम भन्ने थुप्रै विधिहरू उल्लेख गरिएका छन् । ती भावनाक्रमहरू मध्ये मैत्री भावना पनि एक हो । बाँदर जस्तो चञ्चल हाम्रो चित्तलाई वसमा राख्ने अभ्यास क्रमलाई नै भावना भनिन्छ । हाम्रो मनमा लुकिराखेको द्वेष भावलाई नाश पार्ने उपायलाई मैत्री भावना भनिन्छ । मैत्री भनेको सबैलाई मित्र ठान्ने तालिम हो ।

मैत्री भावना गर्दा पहिला आफूलाई मैत्री राखिन्छ । उदाहरणको लागि– पहिला आफू वैरी (शत्रु) नभएको, शत्रु बनाउने काम नगर्ने व्यक्ति बन्न सकोस्, द्वेष भाव नभएको व्यक्ति बन्न सकोस् निरोगी हुन सकोस्, सुखी वन्न सकोस् आदि भनी भित्री हृदय देखि कामना गरिन्छ ।

त्यसपछि आफूजस्तै अरू पनि शत्रु नभएको, शत्रु बन्ने द्वेषपूर्ण कार्य नगर्ने व्यक्ति बनोस्, निरोगी होस्, सुखी होस् आदि भन्दै भित्री हृदय देखि कामना गरिन्छ । यसरी मुखले जप गरे जस्तै मैत्री पूर्वक काम पनि गर्नु पर्दछ ।

मैत्री भावना गर्ने व्यक्तिहरूले थाहा पाइ राख्नु पर्ने तत्त्वहरू यसरी छन् ।

१) मैत्री भावना गर्दा आफूलाई मन नपर्ने व्यक्तिहरू, शत्रुहरू, आफूलाई असाध्य मन पर्ने व्यक्तिहरू र मध्यस्थ व्यक्तिहरू आदि गरी जम्मा ४ वर्गका व्यक्तिहरूलाई सबभन्दा पहिला सम्झन हुँदैन अर्थात् यिनीहरूलाई मैत्री राख्न हुँदैन ।

२) श्रीमान् भए आफ्नी श्रीमती प्रति र श्रीमती भए आफ्ना श्रीमान् प्रति पहिला मैत्री राख्न हुँदैन । मरिसकेका व्यक्तिलाई मैत्री राख्दा पनि कुनै फाइदा हुँदैन ।

३) आफू भन्दा माथिल्लो तहका गुरु वा आफू समानका व्यक्तिलाई छानेर सर्वप्रथम उहाँहरूलाई मैत्री भावना गर्नुपर्दछ ।

४) त्यसपछि आफूपछि मनपर्ने व्यक्तिहरू छानी उनीहरूलाई मैत्री भावना राख्न सक्नुपर्छ । अनि पछि मध्यस्थ व्यक्तिहरूलाई र त्यसपछि मात्र विरोधीहरूलाई मैत्री भावना गर्न सक्नुपर्छ ।

यो बौद्ध साहित्यमा देखाइएको मैत्री भावनाको विधि भयो ।

यहाँ सुनसान जंगलमा गई मैत्री भावना गर्नुपर्ने कुरो होइन । मानिसहरूसँग भएका इर्ष्या, अभिमान, कंजुसपन आदि दुर्गुणहरू हटाउनका लागि जहाँ बसेर भावना गरे पनि हुन्छ । रीसलाई सखाप पार्न सक्नु नै मैत्री भावना हो ।

संधै मैत्री भावना अभ्यास गरियो भने मैत्री चित्त बलियो हुँदै आउँछ । अनि गरिब व्यक्तिहरू देख्ने बित्तिकै माया जाग्नेछ । उनीहरूलाई उपकार गर्ने विचार जाग्नेछ । उनीहरूको दुःख हटाउने कोशिस गर्नेछ । सुखी व्यक्तिहरू देखेर खुशी हुने बानी पर्नेछ ।

यसरी अभ्यास गर्दै लग्यो भने सानो सानो कुरामा पनि रिसाउने, झर्किने, अरूको राम्रो र सफल भएको देखी चित्त थाम्न नसक्ने बानी (ईर्ष्या), बदला लिने द्वेषभाव, आफूले गलत काम गरी पश्चाताप गर्ने स्वभाव आदि सबै दुर्गुणहरू हटेर जानेछ । त्यतिमात्र होइन नचाहिंदा निन्दा चर्चा गर्ने बानीहरू पनि हटेर जानेछन् ।

*क्रमशः*

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

### पाँच प्रकारका चक्षुहरू

२०५८ असार २३ गते ।

यसदिन पूज्य धम्मवती गुरुमाँले ५ प्रकारका चक्षुहरू विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– "नेपालको जुनसुकै ठाउँमा निर्मित बुद्ध स्तुपहरूमा दुई आँखा र एक प्रश्न सूचक चिन्ह राखिएको देखिन्छ । यही प्रश्न चिन्हले हामीलाई ती दुई आँखाहरूको अर्थ सोधिरहेको छ ।

चक्षु (आँखा) ५ प्रकारका छन्– (१) मंस चक्षु (२) दिव्य चक्षु (३) धम्म चक्षु (४) ज्ञान चक्षु (५) समन्त चक्षु ।

मंसचक्षु भनेको हाम्रो अनुहारमा रहेका मासुका आँखाहरू हुन् । दिव्य चक्षु भनेको देवताहरूसँग हुने गर्छ । यस्तो आँखाले धेरै टाढा टाढा सम्म पनि देख्नसक्ने विशेष गुण प्राप्त गरेको हुन्छ । संसारमा जेजति चीज वस्तु वा प्राणीहरू छन्, तिनीहरू सबै नाशवान् छन्, अनित्य छन् भनी जसले यथार्थ रूपमा महशूस गर्न सक्छ, उक्त ज्ञानलाई धम्म चक्षु भनिन्छ । जुन व्यक्तिको चित्तबाट क्लेशहरू निरोध भइसकेका हुन्छन्, उक्त व्यक्तिमा ज्ञान चक्षु प्राप्त भएको भनिन्छ । यसरी माथि उल्लेखित ४ प्रकारका चक्षुहरूलाई आफ्ना क्षमतानुसार, मेहनत अनुसार हामीले प्राप्त गर्न सक्छौं भने बाकी समन्त चक्षु बुद्धले मात्र प्राप्त गर्नसक्नु हुन्छ ।

तसर्थ भगवान बुद्धले बुद्धत्व प्राप्त पश्चात् "धम्मचक्कप्पवत्तन सुत्त" व्याख्या गर्नुहुँदा मंस-चक्षु बाहेक अन्य ४ वटा चक्षुहरू पनि प्राप्त गर्न सक्षम हुनुभएको विषयमा उल्लेख गर्नुभएको थियो ।"

### जीवन प्रवाह

२०५८ असार ३० गते, शनिवार । रिपोर्टर- रामेश्वरी ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारको कक्षा संचालनको क्रममा यसदिन श्री सोभियतरत्न तुलाधरज्यूबाट जीवन प्रवाह भन्ने विषयमा प्रवचन दिनुभयो ।

प्रवचनको क्रममा उहाँले भन्नुभयो– जीवन प्रवाह बुझ्नुभन्दा पहिले हामीले जीवन के हो भन्ने विषयमा बुझ्नु आवश्यक छ । कुनै पनि प्राणीको जन्मैदेखि मृत्युसम्मको समय नै जीवन हो अथवा जीवित अवस्था नै जीवन हो । यसरी कुनै पनि प्राणीको विकास क्रम नै जीवन प्रवाह हो । संसार दुःख नै दुःखले भरिएको छ । सुखको आशमा मानिसहरू दुःख मै परिरहेका हुन्छन् । जुन व्यक्तिमा म मेरो भन्ने भावना (आसक्ति) बढी हुन्छ, उसमा त्यति नै दुःख थप्दै जान्छ ।

भगवान बुद्धको विचार अनुसार संसारमा भएका जति पनि वस्तु अथवा स्वभाव छन् ती दुई धातु स्वभावका छन् । (१) नाम धातु स्वभाव (मन) (२) रूप धातु स्वभाव (रूप) ।

आधुनिक विज्ञानले भौतिक विज्ञानको मात्र अनुसन्धान गरिरहेको छ । यसरी सामान्य मानिसले देख्न सकिने बस्तु सुन, चाँदी, ढुंगा आदिलाई कण-कण परमाणु-परमाणुसम्म पत्ता लगाएको छ । त्यतीमात्र नभई आँखाले देख्न नसकिने न्यूट्रन, प्रोट्रनसम्म पनि अनुसन्धान गरेको पाइन्छ । त्यस्तैगरेर अन्धविश्वासलाई हटाउने गरेको पनि पाइन्छ । भगवान बुद्धले सबै वस्तु अनित्य अथवा परिवर्तनशील छ भन्नुभएको कुरालाई विज्ञानले प्रमाणित गरिदिएको छ । तर मानसिक अनुसन्धान गर्नसकेको छैन । जन्म र मृत्यु सामान्य जस्तो देखिए तापनि यसमा विज्ञानले कसरी र किन हुन्छ भन्ने कुरामा सफलता प्राप्त गर्न सकेको छैन । तर भगवान बुद्धको अनुभव मनन् योग्य छ । किनभने उहाँले भौतिक र मानसिक दुबैलाई अनुसन्धान गर्नुभएको छ । यसरी हामी भन्नसक्छौं कि "गौतम बुद्ध हाम्रो पहिलो वैज्ञानिक हो ।" उहाँले रहस्यको रूपमा बल्झिरहेको जन्म र मृत्युलाई अभिधर्मको ज्ञानबाट प्रकाश पार्नुभएको छ । कुनै पनि व्यक्तिको कुशल र अकुशल चित्त रहुञ्जेलसम्म जन्म मृत्यु भइरहन्छ । जबसम्म नाम (मन) रहन्छ तबसम्म रूप रहिरहन्छ । जबसम्म रूप रहन्छ, तबसम्म नाम रहन्छ । यसरी नाम र रूपको अन्योन्याश्रित सम्बन्ध भएर जीवन प्रवाह चलिरहन्छ । विपस्सना भावना गरी अनित्यता बोध गर्न सकेमा मात्र जन्म र मृत्यु चक्रबाट मुक्त हुन सक्नेछौं ।



Downloaded from http://www.dhamma.digital

अथवा जन्म लिन नै नपर्ने निर्वाण अवस्थालाई साक्षात्कार गर्न सक्नेछौं।

## धम्मवती गुरुमाँको जन्मोत्सव सम्पन्न

पूज्य धम्मवती गुरुमाँको ६७ औं वर्षिय शुभ जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्म पाठ सम्पन्न गरिएको छ। धर्मकीर्ति विहारको आयोजनामा संचालित उक्त कार्यक्रममा श्रावण १६ गते देखि २२ गतेसम्म अभिधर्म पिटक अन्तरगतका धम्मसङ्गणी, विभङ्ग, कथावस्तु, पुग्गलपञ्ञति, धातुकथा, यमक, तथा पट्ठानपालि पाठ गरिएको थियो।

उक्त साप्ताहिक कार्यक्रममा दिनहुँ शील प्रार्थना बुद्धपूजा, धर्मदेशना र दान प्रदान कार्यक्रम राखिएको थियो।

सातदिनसम्म पालैपालो धर्मदेशना गर्नुहुने पूज्य भिक्षुहरू क्रमश: यसरी हुनुहुन्थ्यो–

भिक्षु कोण्डण्य, सयादो उ सुजनपिय, भिक्षु शोभित, भिक्षु बोधिज्ञान, भिक्षु ञाणपूर्णिक, भिक्षु कुमार काश्यप र भिक्षु अश्वघोष आदि।

कार्यक्रममा सहभागी रहनुभएका भिक्षु र गुरुमाँहरूलाई धम्मवती गुरुमाँले जन्मोत्सवको उपलक्ष्यमा दान प्रदान गर्नुभएको थियो भने विभिन्न उपासकोपासिकाहरूले ७ दिनसम्म पालै पालो गरी जलपान र भोजनको व्यवस्था मिलाएका थिए।

## विपाक

२०५८ श्रावण ६ गते। रिपोर्टर- अमृत शोभा।

यसदिन मदनरत्न मानन्धरले "विपाक" विषयमा प्रवचन दिँदै भन्नुभयो–

विपाक भनेको आफूले शरीर र वचनले गरेका काम र कुराहरूको परिणाम (फल) हो। हामीले कस्तो काम गर्‍यौं, त्यही अनुसार विपाक (फल) भोग्नुपर्ने हुन्छ। राम्रो काम गरे राम्रो (कुशल) नतीजा र नराम्रो काम गरे नराम्रो (अकुशल) नतीजा भोग्नुपर्ने हुन्छ। कुशल विपाकलाई सुख विपाक अर्थात् पुरस्कार स्वरूप लिन सकिन्छ भने अकुशल विपाकलाई दु:ख विपाक अर्थात् दण्ड सजायँको रूपमा लिन सकिन्छ।

कुशल धम्म (स्वभाव) २१ वटा चित्तहरू र ५९ वटा चेतसिकहरू मिलेर सम्पन्न हुन्छ भने अकुशल धम्म १२ वटा चित्तहरू र ३९ वटा चेतसिकहरू मिलेर सम्पन्न हुन्छ।

द्वार हिसावले २० वटा कर्महरू जुन यसरी छन्–

कुशल कर्म– कायबाट ३ वटा, वचनबाट ४ वटा र चित्तबाट ३ वटा।

अकुशल कर्म– कायबाट ३ वटा, वचनबाट ४ वटा, चित्तबाट ३ वटा।

काम गर्ने कृत्य हिसाबले ४ वटा कर्महरू (१) जनक कर्म (२) उपथम्भक कर्म (३) उपपीलक कर्म (४) उपघातक कर्म।

फलदिने हिसाबले ४ वटा कर्महरू छन्–

(१) गरु कर्म (२) आसन्न कर्म (३) आचिन्न कर्म (४) कतत्ता कर्म।

स्थान हिसावले ४ वटा कर्महरू–

(१) दिट्ठधम्म वेदनिय कर्म (२) उपपज्ज वेदनिय कर्म (३) अपरापरिय कर्म (४) अहोसी कर्म।

यसरी जम्मा १३० वटा कर्मले कर्म संस्कार बनाइन्छ। यही अनुसार हामीले विपाक भोग्नपर्ने हुन्छ। त्यसैले हामीले वेहोशी नभई आफूले के गरिरहेका छौं, स्मृतिपूर्वक होशियारीपूर्वक काम गर्नुपर्दछ।

यसदिन नीता केशरी श्रेष्ठले कक्षा संचालन गर्नुभएको थियो।

## उद्घोषण तालीम

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको "वार्षिक कार्यक्रम-२०५८" अनुसार यहिं २०५८ असार २३ र २४ गते "उद्घोषण तालीम" सम्पन्न भएको छ। गोष्ठीका सदस्य श्रीमती रमा तुलाधरको संयोजकत्वमा सम्पन्न भएको उक्त तालीममा गुरुमाँहरू ५ जना, गोष्ठीका सदस्यहरू ११ जना र अन्य ४ जना गरी जम्मा १९ जनाको सहभागीता थियो।

यस गोष्ठीका सदस्य, नेपाल जेसीजका पूर्व अध्यक्ष एवंम् अन्तरराष्ट्रिय जेसीज २००० का उपाध्यक्ष श्रीमती कीर्ति तुलाधर र नेपाल जेसीज ट्रेनिङ्ग इन्स्टिच्यूटका अध्यक्ष सुश्री कृष्णेश्वरी हाडाले प्रशिक्षण दिनुभएको सो तालीम २०५८ असार २३ गते थापाथली क्याम्पसमा र २०५८ असार २४ गते श्री प्रभात मा.वि. श्रीघ:मा सम्पन्न भएको थियो। सो एकदिनको लागि श्री प्रभात मा.वि. विद्यालयले नि:शुल्क ठाउँ उपलब्ध गरीदिनु भएकोमा यस गोष्ठीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

# धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर निम्न माध्यमिक विद्यालय
# बौद्ध हाजिर जवाफ प्रतियोगिता

२०५८ श्रावण २४-२७ । स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघ । पूज्य धम्मवती गुरुमाँ ६७ वर्ष पूरा हुनुभएको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा २०५८ श्रावण २४, २५ र २७ गते धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिताको पहिलो दिन (श्रावण २४ गते) धम्मवती गुरुमाँले स्वागत भाषण गरी कार्यक्रम शुरू गर्नुभएको थियो । यसदिन भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा कार्यक्रम संचालन भएको थियो भने श्रावण २५ गते चमेली गुरुमाँको सभापतित्त्वमा कार्यक्रम संचालन गरिएको थियो ।



*हाजिर जवाफ प्रतियोगितामा विजयी विद्यालयका विद्यार्थीहरू*

प्रतियोगिताको विस्तृत विवरण यसरी रहेको छ–

श्रावण २४, २५ र २७ गते संचालित हाजिर जवाफ प्रतियोगितामा भाग लिने विद्यालयहरूको नामावली–

**२०५८ श्रावण २४ गते–**

(१) वोधिसत्त्व इंगलिस स्कूल (२) सिद्धार्थ इङ्गलिस आवासिय मा.वि. (३) श्री गीतामाता मा.वि. (४) शान्ति शिक्षा मन्दिर मा.वि. (५) कान्ति इश्वरी राज्यलक्ष्मी मा.वि. ।

**२०५८ श्रावण २५ गते–**

(१) विश्व निकेतन उच्च मा.वि. (२) परोपकार आदर्श उच्च मा.वि. (३) बालसेवा मा.वि. (४) दरवार हाईस्कूल (५) ग्यालेक्सी पब्लिक स्कूल ।

श्रावण २४ र २५ गते दुईदिने हाजिर जवाफ प्रतियोगितामा भाग लिएका विद्यालयहरूमध्ये फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरेका विजयी विद्यालयहरूको नामावली–

(१) शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय (२) श्री गीतामाता माध्यमिक विद्यालय (३) परोपकार आदर्श उच्च मा.वि. (४) श्री बालसेवा माध्यमिक विद्यालय ।

**२०५८ श्रावण २७ गते संचालित फाइनल प्रतियोगिता–**

यस फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरेका विजयी विद्यालयहरूले यसरी आ-आफ्ना स्थान ओगट्न सफल भएका थिए ।

(१) शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय– प्रथम
(२) श्री बालसेवा माध्यमिक विद्यालय– दोश्रो
(३) परोपकार आदर्श उच्च मा.वि. – तेश्रो
(४) श्री गीतामाता मा.वि. – चौथो

प्रतियोगिताको अन्तिम दिनमा संचालित फाइनल प्रतियोगिता धम्मवती गुरुमाँको सभापतित्त्वमा र भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

उक्त दिन प्रमुख अतिथीको आशनबाट बोल्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो–

"हाजिर जवाफ प्रतियोगिता मनोरञ्जनात्मक रूपले धर्मप्रचार गर्ने एक तरीका हो । धर्म सम्बन्धी शिक्षा अध्ययन गरे जस्तै त्यही ज्ञानले आ-आफना नराम्रा कुवानीहरू हटाई ज्ञानी बन्न सकेमामात्र बुद्ध शिक्षा अध्ययनको उद्देश्य पूरा हुनेछ । शिक्षा भनेको पढ्न र लेख्नको लागि मात्र होइन । बुद्धले भन्नुभएको छ– **"सुविजानो भवं होति सुविजानो पराभवो"** अर्थात् धेरै



Downloaded from http://www.dhamma.digital

पढे लेखेपछि मानिस उन्नतिको शिखरमा पनि पुग्न सक्छ र उसको पतन पनि हुनसक्छ ।"

सभापतिको आशनबाट बोल्नुहुँदै धम्मवती गुरुमाँले भन्नुभयो–

"हाजिरी जवाफ प्रतियोगितामा विजयी भएका विद्यार्थीहरू खुशी हुनु त स्वभाविक नै हो । तर पराजित हुने विद्यार्थीहरूले आफूलाई पराजित नठानी बुद्ध शिक्षा जान्ने मौका पाएकोलाई नै आफ्नो जीत ठानी अर्को वर्षको प्रतियोगितामा भाग लिनका लागि हौसला बढाउनु ठीक हुनेछ ।"


फाइनल प्रतियोगितामा सहभागी विद्यार्थीहरू

यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

हाजिर जवाफ प्रतियोगितामा भाग लिएका तर फाइनल प्रतियोगितामा भाग लिन नपाएका विद्यालयहरूलाई भिक्षु अश्वघोष महास्थविरले सहभागिताको प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

यसरी नै फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्तगरी द्वितीय, तृतीय र चौथो भएका विद्यालयहरूलाई पनि भिक्षु अश्वघोषले प्रमाण-पत्र, धर्मकीर्ति लोगो अंकित शील्ड र अन्य पुरस्कारहरू प्रदान गर्नुभएको थियो ।

प्रतियोगितामा प्रथम श्रेणी हासिल गर्न सक्षम विद्यालय शान्ति शिक्षा मन्दिर मा.वि.लाई धम्मवती गुरुमाँले रनिङ शील्ड, धर्मकीर्ति लोगो अंकित शील्ड, प्रमाण-पत्र र अन्य पुरस्कारहरू प्रदान गर्नुभएको थियो ।

उक्त तीनदिने प्रतियोगिता संचालनार्थ प्रत्यक्ष रूपले विभिन्न क्षेत्रमा रही सहयोग गर्नुहुने व्यक्तिहरू यसरी हुनुहुन्थ्यो–

**निर्णायक मण्डल–**

भिक्षु कुमार काश्यप, भिक्षु सोभित, भिक्षु कोण्डण्य, माधवी गुरुमाँ, ञाणवती गुरुमाँ, जयवती गुरुमाँ, प्रा. सुवर्ण शाक्य, अमीता धाख्वा:, त्रीरत्न मानन्धर ।

**प्रश्नकर्ताहरू (क्वीज माष्टर)–**

कुशुम गुरुमाँ, रोशनकाजी तुलाधर, अमृत शोभा शाक्य, इन्द्रकुमार नकर्मी, वीर्यवती गुरुमाँ, अगम्यरत्न कंसाकार ।

**स्कोर कीपर–**

रामेश्वरी महर्जन, मन्दीरा महर्जन, राम महर्जन ।

**प्रश्न वितरक–**

मायादेवी महर्जन, सहना मानन्धर, सुरेश शाक्य ।

**कार्यक्रम संचालकहरू–**

कमल मुनि शाक्य, रामेश्वरी महर्जन र मीन शोभा शाक्य ।

**कार्यक्रम संयोजक**– ध्रुवरत्न स्थापित ।

**फोटो एवं प्रचार-प्रसार**– अरूणसिद्धि तुलाधर ।

**साउण्ड व्यवस्था, रिकर्डिङ्ग**– जुजुमान महर्जन ।

**मञ्च व्यवस्था तथा श्रृङ्गार**– चिनीकाजी महर्जन ।

**टाइम कीपर**– ध्रुवराज कर्णिकार ।

हाजिर जवाफ प्रतियोगिता संचालनार्थ शील्ड एवं अन्य पुरस्कारहरू र आवश्यक आर्थिक सहयोग गर्ने सहयोगी दाताहरू–

| *दाताहरूको नाम* | *सहयोग विवरण* |
|---|---|
| (१) सानुरत्न स्थापित | रु. १०,०००/– |
| (२) सानुरत्न स्थापित | प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका विद्यालयहरूको पुस्तकालयको लागि धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्रदान । |



प्रतियोगितामा विजयी विद्यार्थीहरू र
शिक्षिका रनिङ्ग शील्ड ग्रहण गर्दै

| | | |
|---|---|---|
| (३) | भाइराजा (द्रव्यमान सिं) वसुन्धरा तुलाधर | धर्मकीर्ति रनिङ शील्ड |
| (४) | धम्मवती गुरुमाँ | प्रथम शील्ड एवं पुरस्कार (विद्यालय र प्रत्येक विद्यार्थीहरूलाई) |
| (५) | भाइराजा वसुन्धरा तुलाधर | द्वितीय शील्ड एवं पुरस्कार (विद्यालय र प्रत्येक विद्यार्थीहरूलाई) |
| (६) | भाईरत्न बज्राचार्य | तृतीय शील्ड एवं पुरस्कार (विद्यालय र प्रत्येक विद्यार्थीहरूलाई) |
| (७) | भीमबहादुर श्रेष्ठ | चौथो शील्ड एवं पुरस्कार (विद्यालय र प्रत्येक विद्यार्थीहरूलाई) |

जलपान दाताहरू–


- इन्द्रमान महर्जन, इन्द्रलाल नकर्मी, धर्मकीर्ति मिजं पुचः ।

★

# बिचाः हायका

**अनिच्चावत संखारा उप्पाद वय धम्मिनो**
**उप्पज्जित्वा निरूज्झन्ति, तेसं ऊप समोसुखो**

बुदिं :
२०१८ असार



मदुगुदिं :
२०५८ श्रावण ४ गते
गंठामुगः चःरे

## दिवंगत भाजु प्रदीप शाक्य

**बुद्ध जयन्ति समारोह समिति भोंतया सचिव भाजु प्रदीप शाक्य ४० दँया दुने आकाङ्क्षाकां मत्यवं मदुगुलिं दुःखं कःपिं छेज पिंसं संसार अनित्य खः धकाः थुइके फय्मा धैगु मनं तुसें वसपोलया निर्वाण कामना यासें बिचाः हायका ।**

**बुद्ध जयन्ती समारोह समिति, भोतं (बनेपा)**



Downloaded from http://www.dhamma.digital

## श्रद्धाञ्जली सभा

बनेपा । २०५८ श्रावण १० गते बुद्ध जयन्ती समारोह समिति, बनेपाका युवा सचिव प्रदिप शाक्यको गत श्रावण ४ गते आकस्मीक दु:खद निधन भएकोले सातौं दिनमा बोधिचर्या विहारमा श्रद्धाञ्जली समारोह गरियो ।

बुद्ध जयन्ती समारोह समिति, बनेपाको आयोजनामा भएको सो श्रद्धाञ्जली समारोहमा धर्मानुशासक पूज्य भिक्षु बोधिसेन महास्थविरले शील प्रार्थना गराउनुभई परित्राण पाठ गर्नु भएको थियो । सो श्रद्धाञ्जली समारोहको सभापतित्व बुद्ध जयन्ति समारोह समितिका अध्यक्ष दानबहादुर मानन्धरले गर्नुभएको थियो । उक्त श्रद्धाञ्जली समारोहमा बुद्ध जयन्ती समारोह समितिका सदस्य सोमकाजी शाक्यले स्वर्गीय प्रदिप शाक्यको व्यक्तित्व माथि प्रकाश पार्नुभएको थियो ।

अन्त्यमा उक्त समारोह समितिका सचिव प्रदिप शाक्यको आकस्मिक दु:खद निधन प्रति सो समितिले निर्वाण कामना गरी दुई मिनेट मौन धारणा गरियो ।

## म्याग्दी बेनीको बौद्ध गतिविधि

२०५८ असार ३०, बेनी । बौद्ध जागरण ल्याउने उद्देश्यले म्याग्दी बौद्ध संघ, महिला बौद्ध संघ र युवा बौद्ध संघको संयुक्त प्रयासमा हरेक शनीवारका दिन बुद्धपूजा एवं धर्मदेशना कार्यक्रम संचालन गरिएको समाचार छ । हरेक शनिवार पालो पालो गरी विभिन्न उपासक उपासिकाहरूको घरमा संचालन गरिने उक्त कार्यक्रममा भिक्षु विशुद्धानन्दले धर्मदेशना गर्नुभएको थियो ।

यसरीनै असार १२ गते देखि ४ दिनसम्म युवा बौद्ध संघको सहयोगार्थ भिक्षु विशुद्धानन्दले पर्वत, बेनी र गलेश्वरमा भिक्षाटन गर्नुभई संकलन गर्नुभएको चामल र नगद रु. १३,७५८/– युवा बौद्ध संघलाई प्रदान गर्नुभएको कुरा थाहा हुन आएको छ ।

यही सिलसिलामा म्याग्दी बौद्ध संघको अनुरोधमा भिक्षुहरूलाई वर्षावास बस्नको लागि संघका अध्यक्ष श्री यजनलाल शाक्यले ५० हजारको लागयतमा एक अस्थाई विहार निर्माण गरिदिनुभएको पनि समाचार छ ।

## सुखी होतु नेपालको सहयोग

२०५८ श्रावण ६ । स्थान- ध्यानकुटी विहार, बनेपा ।

सुखी होतु नेपाल समूहको प्रथम वार्षिक भेलाको उपलक्ष्यमा एकदिने भेटघाट कार्यक्रम सम्पन्न भएको समाचार छ । स्मरणीय छ ध्यानकुटी विहारमा मेत्ता सेण्टर एवं ध्यानकुटी विहारद्वारा संयुक्त रूपमा संचालित वाल आश्रममा रहेका नानीहरूलाई उक्त समूहका सदस्यहरूको सहयोगमा लुगाफाटा, कापी कलम, दैनिक प्रयोगका सामग्री एवं पुस्तकहरू प्रदान गरी ,एकदिने खानाको व्यवस्था समेत उपलब्ध गराइदिएको थियो ।

अतितकालमा प्रव्रजित जीवन बिताई हाल गृहस्थ जीवनमा प्रवेश गरिसकेका युवकहरूको समूह मिली विशेषगरी भिक्षु कोण्डण्यको नेतृत्त्वमा स्थापना गरिएको "सुखी होतु नेपाल" एउटा स्वयंसेवी संस्थाको रूपमा आजभन्दा २ वर्ष अगाडि नै स्थापना भएको कुरा थाहा हुन आएको छ । उक्त समूहले नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरूका बिच विविध अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको क्रममा हाल आनन्दभूमि बौद्ध मासिक पत्रिकाको व्यवस्थापन पक्ष जिम्मा लिएको कुरा पनि बुझिन आएको छ ।

उक्त भेटघाट कार्यक्रम संस्थाका अध्यक्ष भिक्षु कोण्डण्यको प्रमुखत्त्वमा अन्य भिक्षुहरू निग्रोध, धर्मसागर, अशोक कीर्ति, अस्सजि तथा श्रा. कोण्डण्य लगायत अन्य ४५ जवान व्यक्तिहरूको उपस्थितिमा संचालन भएको थियो ।

## सम्मान कार्यक्रम

२०५८ श्रावण ८ गते । श्रीघ: विहार । राष्ट्रिय सभामा हालै मनोनित एवं निर्वाचित हुनु भएका सांसदहरू डा. रूपज्योति कंसाकार र लक्ष्मीदास मानन्धरलाई बुद्ध जयन्ती समारोह समितिको आयोजनामा आयोजित एक कार्यक्रममा सम्मान गरिएको समाचार छ । अखिल नेपाल भिक्षु महासंघका श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा राष्ट्रिय सभाका भूतपूर्व सांसद भिक्षु अश्वघोषले आफनो अनुभव व्यक्त गर्नुभएको थियो । आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा डा. रूपज्योतिले आफूलाई धर्मको माध्यमको रूपमा प्रस्तुत हुने आशय व्यक्त गर्नुभयो भने निर्वाचिन सांसद लक्ष्मीदास मानन्धरले धर्म सम्बन्धमा संसदमा आवाज उठाइरहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

भिक्षु कुमार काश्यपले पुण्यानुमोदन गर्नुभई धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोहमा समितिका

महासचिव गौतम शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने प्रा. सुवर्ण शाक्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## युवा बौद्ध समाज गठन

भिक्षु धम्ममूर्तिको अध्यक्षतामा र अमृतधम्म स्कूलका परियत्ति विद्यार्थीहरूको सक्रियतामा "अमृत युवा बौद्ध समाज" नाम गरेको संस्था गठन गरिएको समाचार छ ।

स्मरणीय छ, दिवंगत बौद्ध विद्वान भिक्षु अमृतानन्द महास्थवीरको नाममा स्थापित यस संस्थाले भिक्षु अमृतानन्दको योगदान र धर्म प्रचार कार्यलाई अनुशरण गरिने भएको छ ।

भिक्षु कुमार काश्यप महास्थवीर सल्लाहकार रहनुभएको उक्त समाजका उपाध्यक्षमा भिक्षु प्रज्ञारत्न, सचिवमा मन्दिरा महर्जन, उप-सचिवमा सुश्री चमेली लामा, कोषाध्यक्षमा सुमेधरत्न स्थापित, उप-कोषाध्यक्षम दिनेश महर्जन र सदस्यहरूमा मनोज रञ्जित, प्रमोद थिङ, सुश्री सुमिता महर्जन, सुश्री राजकुमारी दुरा र श्री निर्मता महर्जन रहनुभएका छन् ।

आनन्दकुटी विहार गुठीको प्रायोजन र प्रमुख आयोजनामा सुखी होतु नेपालको सहयोगमा अमृत युवा बौद्ध समाज, अमृत बौद्ध परियत्ति शिक्षा आनन्दकुटी विहारले आचार्य भिक्षु अमृतानन्द महास्थवीरको ११ औं गुणानुस्मरण दिवसको उपलक्ष्यमा ३ दिनसम्म विभिन्न कार्यक्रम सञ्चालन गरिने कुरा थाहा हुन आएको छ ।

आनन्दकुटी विहार स्वयम्भूमा यही भदौ ३,४ र ५ गते निबन्ध, वक्तृत्त्व र चित्रकला प्रतियोगिताहरू सञ्चालन गरिने भएको छ । उक्त प्रतियोगितामा बौद्ध परियत्ति केन्द्रका १ देखि ७ कक्षासम्मका विद्यार्थीहरूले भाग लिने कुरा समाचारमा उल्लेख भएको छ ।

## अध्ययन भ्रमण

कीर्तिपुर, श्रावण १८ गते । भिक्षु सुदर्शन महास्थविर बेलायतको चौध दिने अध्ययन भ्रमण समाप्त गरी नेपाल फर्कनु भएको समाचार छ । उहाँले सो अवसरमा क्याम्ब्रिज यूनिभर्सिटी अक्सफोर्ड युनिभर्सिटी, ब्रूनेल यूनिभर्सिटी, लर्निङ यूनिभर्सिटी र ब्रिटिस म्यूजियम सहित विभिन्न यूनिभर्सिटीहरूको अवलोकन अध्ययन गर्नुभएको थियो ।

भ्रमणको अवसरमा उहाँले अक्सफोर्ड यूनिभर्सिटीको ओरियन्टल स्टडीको सभाकक्षमा आयोजित ओरियन्टल स्टडीका डीन एवं पाली टेक्स सोसाइटीका अध्यक्ष प्रो. रिचार्ड गोम्ब्रिच, संस्कृत र पाली भाषाका प्रोफेसर र ओरियन्टल इन्स्टिच्यूटका छात्र-छात्राहरूको उपस्थिति रहेको सभामा लुम्बिनी अशोक स्तम्भमा रहेको अभिलेखको तीनवटा विवादास्पद शब्दको अर्थमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सोही अवसरमा त्यहाँ रहेका नेवार समुदायका सदस्यहरूका बीच भएको भेटघाट कार्यक्रममा उहाँले बुद्ध, धर्म र संघका विषयमा प्रवचन दिनुभएको थियो । नेपाली बुद्ध धर्म सोसाइटीका सदस्यहरू पनि रहेको सो भेटघाटमा डा. भिक्षु सुगन्ध महास्थवीरले पनि बुद्ध धर्मको कर्मवाद विषयमा बोल्नु भएको थियो ।

## १० दिवशीय विपश्यना ध्यान शिविर सञ्चालन

लुम्बिनी स्थित विपश्यना केन्द्र लुम्बिनीले २०५८ श्रावण ३ गते देखि १४ गतेसम्मको १० दिवशीय विपश्यना ध्यान शिविर गौतमी विहार लुम्बिनीमा शान्त पूर्वक अत्यन्त राम्ररी सञ्चालन गरेको छ । उक्त शिविरको सञ्चालन वरिष्ठ सहायक आचार्य श्री शीलबहादुर बज्राचार्य र सहायक आचार्य भिक्षुणी सुजाताले गर्नुभएको थियो । उक्त ध्यान शिविरमा बुटवल, सिद्धार्थनगर, नेपालगञ्ज, तौलिहवा, अरूणखोला, लुम्बिनी, अर्घाखाँची, मणिग्राम, चितवन र काठमाडौंका समेत पुराना साधक १६ र नयाँ साधक १२ तथा पुराना साधिका ६ र नयाँ साधिका ७ गरी जम्मा ४१ जवान साधक, साधिकाहरूले सफलतापूर्वक भाग लिनु भएको थियो ।

लुम्बिनी विपश्यना केन्द्रका सल्लाहकारद्वय पूज्य भन्ते विमलानन्द महास्थविर र वरिष्ठ सहायक आचार्य श्री शीलबहादुर बज्राचार्यज्यूको विशेष उपस्थितिमा लुम्बिनी विपश्यना केन्द्रका अध्यक्ष श्री संघरत्न बज्राचार्यज्यूको अध्यक्षतामा २०५८ श्रावण १३ गते मा बसेको एक बैठकले लुम्बिनीमा २०५८ आश्विन ३ देखि २०५८ आश्विन १४ गतेसम्म पुनः दश दिवशीय विपश्यना शिविर संचालन गर्ने निर्णय गरेको छ । उपरोक्त शिविर संचालन हुनुभन्दा अघि लुम्बिनीमा विक्रम सम्वत २०५२ साल र २०५७ साल फाल्गुणमा गरी २ पटक १० दिवशीय विपश्यना शिविर संचालन भइसकेको छ र अबदेखि एक/दुई महिनाको अन्तरालमा ध्यान शिविर सञ्चालन गर्दै जाने अठोट लुम्बिनी विपश्यना केन्द्रले गरेको कुरा थाहा हुन आएको छ ।



Downloaded from http://www.dhamma.digital

## बुद्धपूजा

२०५८ श्रावण १६ गते। स्थान- सिद्धिमंगल, बुद्ध विहार, ललितपुर।

सिद्धिमंगल बुद्ध विहारमा प्रत्येक महिना संचालन हुँदै आइरहेको कार्यक्रम अनुसार एकादसीका दिन संचालित बुद्धपूजा कार्यक्रममा श्रद्धेय भिक्षुहरू संवेगकीर्ति, प्रज्ञाकीर्ति र शोभित उपस्थित हुनुभएको थियो। चित्तावती गुरुमाँ पनि उपस्थित रहनु भएको उक्त कार्यक्रममा भिक्षु संवेगकीर्तिले पञ्चशील प्रार्थना गराउनु भएको थियो। उक्त कार्यक्रममा सहभागी हुनुभएका भिक्षु गुरुमाँ र उपासक उपासिकाहरूलाई पुर्णमाया महर्जनले जलपान भोजनको प्रबन्ध मिलाउनु भएको थियो।

यसरी नै यस कार्यक्रममा सिद्धिमंगल बुद्ध विहारका अध्यक्ष बुद्धिबहादुर महर्जनले साधुवाद दिनुहुँदै कार्यक्रम समापन गर्नुभएको थियो।

## चिनियाँ बौद्ध प्रतिनिधि मण्डलको स्वागत

नेपालको मित्रराष्ट्र चीनबाट आउनुभएका चिनियाँ प्रतिनिधि मण्डललाई विभिन्न संघ संस्थाहरूले स्वागत कार्यक्रम आयोजना गरी स्वागत गरिएका समाचारहरू प्राप्त भएका छन्–

२०५८ श्रावण १८ गते। स्थान- आनन्दकुटी विहार। नेपाल बौद्ध महिला संघको आयोजनामा संचालित स्वागत कार्यक्रममा नेपाल बौद्ध महिला संघका अध्यक्ष बिमला बज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो। आनन्दकुटी विहार गुठीको तर्फबाट न्हुच्छेबहादुर बज्राचार्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा आनन्दकुटी विद्यापीठ र आनन्दकुटी विहार गुठीलाई मित्रराष्ट्र चीनको तर्फबाट आर्थिक सहयोग प्राप्तभई धर्मप्रचार कार्यमा ठूलो योगदान पुगेको कुरा उल्लेख भएको थियो।

कार्यक्रमको अन्त्यमा नेपाल बौद्ध महिला संघ र आनन्दकुटी विहार गुठी दुबै तर्फबाट चिनिया बौद्ध संघलाई उपहारहरू प्रदान गरिएको थियो।

यसरी नै उक्त दिन धर्मोदय सभाले पनि स्वागत कार्यक्रमको आयोजना गरिएको कुरा थाहा हुन आएको छ।
२०५८ श्रावण १८ गते। कीर्तिपुर।

कीर्तिपुरस्थित नगर मण्डप श्रीकीर्ति विहारमा मित्रराष्ट्र चीनबाट आएका ६४ जना बौद्ध भिक्षु एवं उपासक उपासिकाहरूलाई विहीबार श्रीकीर्ति विहारले एक स्वागत समारोहको आयोजन गर्‍यो। सो अवसरमा चिनियाँ बौद्ध प्रतिनिधिहरूले विहारमा बुद्ध पूजा पनि गरेका थिए।

प्रतिनिधिहरूलाई स्वागत गर्दै विहार प्रमुख भिक्षु सुदर्शन महास्थविरले पासपोर्ट राख्न मिल्ने धार्मिक थैला र चारवटा बौद्ध संवेजनीय स्थानको माटो र नेपालका विभिन्न फूलहरूको धूलो मिसाई बनाइएको बुद्ध प्रतिमा अंकित लकेट उपहार स्वरूप प्रदान गर्नुभएको थियो। यसरी नै चिनियाँ बौद्ध प्रतिनिधि समूहका तर्फबाट चिनियाँ बौद्ध संघका उपाध्यक्ष ताओ सुरेनले स्वागतको प्रत्युत्तरमा नेपाल र चीनको बीच बुद्ध धर्मको माध्यमबाट धार्मिक एवं सांस्कृतिक सम्बन्धमा अझ दरिलोपना आउने विश्वास व्यक्त गर्नुभयो। वहाँले लुम्बिनी स्थित चिनिया विहारमा चिनिया भाषा र बौद्ध दर्शन अध्ययनको व्यवस्थापन आवश्यक हुनसक्ने कुरा प्रष्टाउनुभयो।

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

२०५८ असार १६ गते। स्थान- ध्यानकुटी विहार, बनेपा। ध्यानकुटी बाल आश्रमलाई विभिन्न संस्थाहरूले आवश्यक सरसामानहरू प्रदान गरी सहयोग गरेको समाचार छ–

- बनेपा जुनियर जेसिसबाट मेत्ता सेन्टरका अध्यक्षज्यूको उपस्थितिमा कापी, कलम आदि प्रदानगरी ध्यानकुटी बाल आश्रमलाई सहयोग गरियो।
- धर्मकीर्ति विहार पुलां पुचः को तर्फबाट न्हुच्छेमायाले यस आश्रमका बालबालिकाहरूलाई बस्त्र दान दिनुभएको थियो।
- संघाराम विहारका उपासिका पञ्चकुमारी नकर्मी र शारदा तुलाधरले आश्रमका बालिकाहरू र कर्मचारीहरू समेतलाई बस्त्र दान गर्नुभएका थिए।
- सुमंगल विहार पाटनका उपासक उपासिकाहरूको तर्फबाट आश्रमलाई वस्त्र दान गरिएको थियो।
- स्व. चन्द्रदर्शन बज्राचार्यको पुण्य स्मृतिमा उहाँका भाई श्री लोकदर्शन बज्राचार्य र चन्द्रदर्शनकी छोरी शारदा बज्राचार्यको तर्फबाट आश्रमलाई रु. ३५,०००/– नगद सहयोग स्वरूप प्रदान गरि एको छ।
- प्रफुल्लतारा स्थापितले रु. १०००/– बाल आश्रमलाई सहयोग दिनुभएको छ।

सहयोग पुऱ्याउनु हुने सबै संघ संस्था र

व्यक्तिहरूलाई ध्यानकुटी बाल आश्रमले दीर्घायु र सुस्वास्थ्य कामना गरेको छ।

### ध्यानकुटीमा बुद्धपूजा

ललितपुर सुमंगल बौद्ध संघको तत्वावधानमा बनेपा ध्यानकुटी विहारमा बुद्धपूजा र धर्म देशना कार्यक्रमको आयोजना असार ३० गते सम्पन्न भएको छ। साथै उक्त संघका उपासक-उपासिकाहरूको तर्फबाट ध्यानकुटी विहारलाई रु. ३०००/– तीनहजार उक्त संघले चन्दा प्रदान गरिएको समाचार छ। स्मरणीय छ प्रत्येक महिनामा विहार विहारमा गई बुद्धपूजा कार्यक्रम संचालन गरिरहेको छ।

### ऋषिनी प्रव्रज्या र प्रव्रज्या सम्पन्न

२०५८ श्रावण २० गते। नगदेश, बुद्ध विहार।

नगदेश बुद्ध विहारका उपासक एवं बौद्ध ल्याय्म्ह पुचः नगदेशका सदस्य श्री पञ्चकुमार वाडे र उपासिका श्रीमती कसंनानी वाडेकी सुपुत्री प्रवीणा वाडे र अर्का सदस्य श्री तुलसीराम वाडे र विष्णुमाया वाडेका सुपुत्री विष्णुदेवी वाडेलाई धम्मवती गुरुमाँको करकमलबाट ऋषिणी प्रव्रजा (इसि पब्बज्ज) सम्पन्न गरिएको थियो। बौद्ध परम्परा अनुसार सुश्री विष्णुदेवी वाडेलाई "रूपवती" र प्रवीणा वाडेलाई "क्षान्तीवती" नामाकरण गरिएको थियो। नव ऋषिणी दुवैका धर्म गुरु केशावती गुरुमाँ रहनु भएको थियो। केशावती गुरुमाँले गतवर्ष नगदेश बुद्ध विहारमा तीन महिना वर्षावासको समयमा दैनिक धर्मउपदेश कार्यक्रम थालनी गर्नुभएको थियो भने उहाँले उक्त समयदेखि हालसम्म निरन्तर रूपमा साप्ताहिक परियत्ति कक्षा अध्यापन गर्दै आउनुभएको छ।

### अनगारिका प्रव्रज्या

२०५८ श्रावण २४ गते। नगदेश, बुद्ध विहार।

धम्मवती गुरुमाँको करकमलबाट श्रावण २० गते ऋषिनी प्रव्रज्या ग्रहण गरेका रूपावती र क्षान्तीवतीलाई प्रमुख अतिथीको रूपमा पाल्नु भएका शासनधज धम्माचरिय धम्मवती गुरुमाँले केशकप्पन गरी अनगारिका (भिक्षुणी) प्रव्रज्या सम्पन्न गराउनु भएको थियो।

उक्त अवसरमा धम्मवती गुरुमाँले सम्राट अशोकको विषयमा धर्मदेशना गर्नुभएको थियो भने नगदेश बौद्ध समूहका सचिव कृष्णकुमार प्रजापतिले धन्यवाद र कृतज्ञता ज्ञापन गर्नुभएको थियो। यस समारोहमा प्रमुख अतिथी धम्मवती गुरुमाँको अलावा धर्मकीर्ति विहारबाट रत्नमञ्जरी गुरुमाँ, कुसुम गुरुमाँ र केशावती गुरुमाँको पनि उपस्थिति रहेको थियो। श्रावण २५ गते विहिवार नव प्रव्रजित भएका श्रामणेर नन्दकुमार र राहुलकुमार लगायत नव प्रव्रजित रूपावती र क्षान्तीवती समेत गरी दशजना भन्ते गुरुमाँहरूले मध्यपूर थिमी नगदेश व्यापी भिक्षाटन कार्यक्रम सम्पन्न गरियो। उक्त भिक्षाटनबाट नगद रु. १२,१००/– र चामल १२ मुरी सश्रद्धा स्वरूप प्राप्त भएको थियो।

### श्रीघःमा ७ फीटको बुद्ध मूर्ति स्थापना गरिने

२०५८ श्रावण २२ गते। स्थान- श्रीघः नःघल।

श्रीघः विहार सुधार समिति तथा बुद्ध प्रतिमा निर्माण समितिको संयुक्त आयोजनामा स्थापना गर्न लागिएको भगवान बुद्धको कलात्मक मूर्तिको शिलान्यास सम्पन्न भएको छ। जनसंख्या तथा वातावरण मन्त्री पि.एल.सिंहको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको उक्त शिलान्यास कार्यक्रम केदार शाक्यले संचालन गर्नुभएको थियो।

करिब ७ फिटको उक्त बुद्ध मूर्ति कलाकार लोकराज बज्राचार्यले निर्माण गरिरहनु भएको जानकारी समितिका सचिव श्री गुह्यरत्न शाक्यले दिनुभएको थियो।

श्रीघः नःघ टोलमा जेष्ठ नागरिक ९७ वर्षिय सानुमाया शाक्यले पनि भाग लिनुभएको उक्त शिलान्यास समारोहमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

डा. श्री थीरमान शाक्य, गुह्यरत्न शाक्य, काठमाडौं महानगर पालिकाका प्रमुख केशव स्थापित, सांसद मंगलसिद्धि मानन्धर, सांसद लक्ष्मीदास मानन्धर, भिक्षु अश्वघोष महास्थविर, जनसंख्या तथा वातावरण मन्त्री पि.एल.सिंह र धम्मवती गुरुमाँ आदि। उक्त कार्यक्रम धम्मवती गुरुमाँको सभापतित्त्वमा संचालन भएको थियो।

### अनुरोध

"धर्मकीर्ति" वर्ष १९ अङ्क ४ (श्रावण पूर्णिमा) मा प्रकाशित "नागवहाल (कुतिवहाल)मा बुद्ध पूजा" शिर्षक समाचारमा उक्त बुद्ध पूजा "कचिमायें चिभा बुसाधं गुठी" का नायक श्री बुद्धरत्न शाक्य 'क' को आयोजनामा भएको कुरा छुट्न गएकोले सर्वसाधारण पाठकहरूमा जानकारीको निमित्त अनुरोध छ।

–चित्ररत्न शाक्य, चिभा बुसाधं गुठीको सदस्य।



Downloaded from http://www.dhamma.digital

वक्ताहरूले मन्तव्यको क्रममा श्रीघ:मा स्थित विभिन्न देवताहरूको मूर्ति चोरी हुँदै रहेको र यहाँको वातावरण विभिन्न कारणहरूले दूषित हुँदै गएको हुनाले यी वाधाहरूलाई हटाई यस पवित्र स्थललाई सुरक्षित, रमणिय, शान्त र शुद्ध बनाउनु आग्रह गरिएको थियो ।

मूर्ति स्थापना गर्नको लागि स्थानिय जनसमुदायबाट यथाश्रद्धा चन्दाहरू प्रदान गरिएको थियो ।

## शाक्य विषयक अन्तरक्रिया

२०५८ श्रावण २८ गते । दी शाक्य फाउण्डेशन, नेपालको आयोजनामा विश्वमा छरेर बसेका शाक्यहरूको यथास्थिति विषय द्वितीय अन्तरक्रियाको कार्यक्रम श्रीघ: विहार न:घलस्थित श्री प्रभात माध्यमिक विद्यालयको सभाकक्षमा सम्पन्न भएको समाचार छ ।

कार्यक्रमको शुरूमा स्थानिय श्री रत्नमण्डल महाविहारका पाँचजना स्थविर आजुहरूलाई पवित्र खातागा ओढाई सम्मान गरिएको छ ।

उक्त कार्यक्रममा फाउण्डेशनका उपाध्यक्ष तथा अध्ययन अनुसन्धान समितिका संयोजक श्री हर्षमुनि शाक्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने डा. थीरमान शाक्य, प्रा. डा. श्यामरत्न शाक्य, ल.पु.उ.म.न.पा.का पूर्व मेयर श्री बेखारत्न शाक्य आदिले कार्यपत्र माथि टिप्पणी गर्नुभएको थियो ।

फाउण्डेशनका अध्यक्ष श्री देवकाजी शाक्यले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभयो भने महासचिव श्री डा. लक्ष्मण शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै सभा संचालन गर्नुभएको थियो ।

श्री काजीराज शाक्य र श्री गुह्यरत्न शाक्यले प्रश्न गर्नुहुँदै फाउण्डेशनको कार्यप्रति सराहना व्यक्तगर्नु भयो भने श्री सिद्धिरत्न शाक्यले रत्न मण्डल महावीर न:घलको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रको अन्त्यमा श्री सिद्धिरत्न शाक्य, श्री उत्तम शाक्य तथा श्री वसन्तरत्न शाक्यले उपस्थित सबैलाई संयुक्त जलपानको आयोजनामा सम्मिलित गराउनु भएको थियो ।

अर्को तृतीय अन्तरक्रिया कार्यक्रम श्री केशचन्द्र पारावत महाविर इतुंवहालमा भाद्र महिनाको अन्तिम शनिवार गर्ने निधो गरी कार्यक्रम समापन गरिएको थियो ।

## उद्‌घोषकला तालीम

२०५८ श्रावण २७ गते । बौद्ध युवा साथी बुद्ध विहार धरान-८ को आयोजनामा एक दिने "उद्‌घोषणकला तालीम" संस्थाका अध्यक्ष श्री शिवराज श्रेष्ठको सभापतित्त्वमा सम्पन्न भएको समाचार छ । उपाध्यक्ष श्री सुनिल शेखर श्रेष्ठज्यूले स्वागत गरी कार्यक्रम माथि प्रकाश पार्नुभएको उक्त कार्यक्रममा सुमेधावती गुरुमाँले पञ्चशील प्रार्थना गराउनु भएको थियो । प्रमुख प्रशिक्षक श्री प्रभाकर श्रेष्ठज्यूबाट तालीमको थालनी गरिएको उक्त तालीममा नेपाल शेर्पा संघ, होटल एशोसियसन अफ धरान, विष्णु मेमोरियल बोर्डिङ्ग स्कूल, बुद्ध विहार, बौद्ध सत्कार संघ, ज्ञानमाला संघ र धर्मोदय सभाबाट सहभागी भएका थिए । करीब ३० जना सहभागीहरूले भाग लिएको उक्त तालीममा नेपाल रेडक्रस सोसाईटी सुनसरीका कार्यालय सचिव श्री किरणकुमार कार्कीज्यू प्रशिक्षक रहनुभएको थियो ।

कार्यक्रममा श्री शिवराज श्रेष्ठ, आवाश मोक्तान र दक्षिनि शेर्पाले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । कार्यक्रम संयोजक श्री सपना शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम सुश्री सुष्मा श्रेष्ठले संचालन गर्नुभएको थियो ।

## वक्तृत्त्वकला पर्व २५४५ क्वचाल

दँय्-दँय् आयोजना याना वयाच्वंगु "वक्तृत्त्वकला पर्व" थुगुसी युवा बौद्ध समूहमा आयोजनाय् जगतसुन्दर ब्वनेकुथी शनीवार खुन्हु क्वचा:गु समाचार दु ।

आषाढ पुन्हीया उपलक्षे दँय्दसं थीथी संघ संस्था पाखें गुदं न्ह्यो निसें संचालन जुयाच्वंगु थुगु वक्तृत्त्वकला पर्वया थुगु दँय् १५ गू बौद्ध संघ संस्थातय् पाखें २१ म्हस्यां बुद्ध धर्मया थीथी विषययात कया: न्वचु वीगु ज्या जुल ।

भिक्षु कोण्डण्य मू पाहाँ जुयादीगु थुगुन्वचु ज्याझ्वले प्रा. डा. लक्ष्मण शाक्यं सहभागी न्वचुमि पिनिगु समीक्षा यानादिल । अथेहे शान्तरत्न शाक्यया सभापतित्त्वय् संचालन जूगु ज्याझ्वले त्रिरत्न मानन्धरं लसकुस न्वचु वियादिल धा:सा राजा बज्राचार्य सुभाय् देछाना दिल । सहभागीपिं सकसितं भिक्षु कोण्डण्य दसिपौ ल:ल्हाना दिलसा शान्तरत्न शाक्य व दाता मथुरा मानन्धरं बौद्ध पुस्तकत व बुद्ध मूर्ति ल:ल्हाय्गु ज्या यानादिल । थुगु ज्याझ्व: मदनबहादुर तुलाधरं न्ह्याकादीगु ख: ।

आकिवं थुगु ज्याझ्व: यलया दीपंकर परियत्ति नागबहाल पाखें याइगु जूगु दु । पा:ब्व ल:ल्हाना कासें दीपंकर परियत्तिया सचिव अमीता धाख्वा: पाखें लीपा ज्वीगु ज्याझ्व: नं सुथांलाक्क न्ह्याकेत सकलसित इनाप यानादिल ।

बा.अ.का.द.नं. - ७०/०४०/४१



गर्नुभयो । यी अमूल्य शिक्षा वास्तवमा भारत देशबाट नै प्रचार प्रसार भएका थिए । तर तत्कालीन समयमा नेपाल र भारत भनेर छुट्टाछुट्टै राष्ट्रहरू थिएनन् । पालि साहित्यमा उल्लेख भए अनुसार त्यसताका बुद्धको जन्मभूमी र कर्मभूमी क्षेत्रहरूलाई जम्बुद्वीप भनेर चिनिन्थ्यो । तर पछि यही क्षत्रहरू नेपाल र भारतको रूपमा विभाजन भए । फलस्वरूप लुम्बिनी, कपिलवस्तु, तौलिहवा (शुद्धोदन राजाको राज्य) र देवदह, (मायादेवीको माइतीघर) रामग्राम नेपालमा पऱ्यो । यसरी नै बुद्धगया, सारनाथ, कुशीनगर र श्रावस्ती भारतमा परे ।

तर भारतको कुनै संचार माध्यमले नेपालमा असली कपिलवस्तु विद्यमान छँदा छँदै पनि भारत स्थित पिपरहवा जिल्लालाई नै शुद्धोदन महाराजको राज्य थलो कपिलवस्तुको नाम दिई भारतमा एक कृत्रिम कपिलवस्तु निर्माण गर्नको लागि कृत्रिम वाणगंगा बनाउँदै गरेको कुरा सुनाउँदै आएको छ । जबकी नेपालस्थित सक्कली कपिलवस्तुमा प्राकृतिक वाणगंगा बगिरहेको छ । जुनकुरा ऐतिहासिक हो । यहाँ गजबको कुरो त यो हो ऐतिहासिक र प्राकृतिक धरोहरलाई नै कसरी मेटाउने ? यस कार्यलाई सम्यक कर्मान्त अर्थात् शुद्ध कार्य भन्न मिल्छ र ? यो कार्य बुद्ध शिक्षा विपरित गएको देखियो ।

बुद्ध शिक्षानुसार कुनै पनि काम गर्दा त्यस कामले आफूलाई पनि अरूलाई पनि भलो हुनुपर्छ। अनि मात्र त्यस काम शुद्ध चित्त सहितले गरेको ठहरिनेछ । तर हाल भारतको तर्फबाट भारतकै शिद्धार्थनगर जिल्लामा बनाएको रसियावल खुर्द बाँधले त मर्चवार क्षेत्रका खेत डुब्ने र त्यस क्षेत्रका जनताको घर जग्गानै नष्ट हुन गई उनीहरूको बाँच्ने हकमाथि नै आघात पुग्ने मात्र नभई विश्व सम्पदा सूचीमा परेका शान्ति प्रवर्तक गौतम बुद्धको जन्मस्थल लुम्बिनी समेत डुवानमा पर्ने खतरा उत्पन्न भएकोले यस विषयमा राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा असन्तुष्टता व्यक्त भैरहेको देखिन्छन् ।

यसरी अर्काको हानी नोक्सानी पुग्नेगरी गरिने कार्यलाई ठीक मान्न सकिन्न । बुद्धको कर्मभूमी भारत र जन्मभूमी नेपालले शान्तिका प्रवर्तक आफ्ना गुरु बुद्धको आदर्श र शिक्षालाई अनुशरण गर्न अत्यावश्यक देखिन्छ। बुद्धकालीन समयमा शाक्य गणराज्य र कोलीय गण राज्य बीचको रोहिणी नदीको पानी विषयमा परस्पर विवाद उठेको थियो । त्यसबेला बुद्धले दुबै समूहको यस बिवादलाई समाधान गरी उनीहरूको पारस्परिक वैमनष्यता हटाइदिनु भएको थियो ।

बुद्ध शिक्षानुसार ज्ञानले सम्पन्न भएको व्यक्तिमा नरमपना र छिमेकीहरूसँग मिलेर बस्ने व्यवहार हुनुपर्छ । यसले आफ्नै भविष्य उज्ज्वल हुनेछ । २५४५ वर्ष भन्दा पुरानो बुद्धको यस शिक्षा आजसम्म पनि सान्दर्भिक रहेको छ । त्यसैले यस शिक्षालाई नेपाल भारत दुबै पक्षले ग्रहण गरी पारस्परिक हितलाई कायम राखी शुद्ध चित्त सहितको सम्यक दृष्टि (ठीक समझदारी) लाई बृद्धी गरी मित्रता सम्बन्धलाई सुधार गर्न सकोस् भनी धर्मकीर्तिले कामना गरेको छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital